



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com






वर्ष २७ •अंक १३३ • २०८२ साल आश्विन १४ गते मंगलबार (30 September, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


### बेलतोडी विधि सम्पन्न

# राजदेवीमा आज बोकाबली प्रदान हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । आराध्य देवी दुर्गाको बेलतोडी विधिका संगै शक्तिपीठहरुमा माटोका बनाइएका दुर्गाका मूर्तिको आँखाको नानी थपिने विधि वैदिक मन्त्रोचरणसहित सम्पन्न भएको छ।

यसका लागि षष्ठीका दिन जोडा बेललाई निमन्त्रण गरिएको थियो । सप्तमीका दिन सोमबार सोही जोडा बेललाई विधिपूर्वक तोडेर शक्तिपीठमा ल्याइ बेलको डाँठबाट आँखाको नानी थपिने विधि गरिएको छ।

बेल निमन्त्रणाका लागि मुख्य शक्तिपीठ जनकपुरधामस्थित राजदेवी भगवतीका लागि जिल्ला समन्वय समितिस्थित प्रांगणमा रहेको बेलको रुखमा रहेको जोडा बेललाई निमन्त्रण गरी सोमबार टिपेर ल्याएर विधिपूर्वक पूजा सम्पन्न गरिएको छ।

यस वर्ष पनि अन्य वर्ष झैं तिथिमिति हेरफेरको कारण विजया दशमीको विभिन्न साइत जुरेको छ।

जसले गर्दा सोमबार केही शक्तिपीठमा एकैपटकमा बेलतोडी र खोइँछ भराइँ कार्य भएको छ भने जनकपुरधामस्थित राजदेवी मन्दिरमा खोइँच भराइँ सोमबारदेखि मंगलबारसम्म चल्ने छ भने बोकाबली प्रदान मंगलबार साँझदेखि हुने भएको छ।

जनकपुरधामस्थित मुरली चोक, वशिष्ट चोक, रामानन्द चोकसहितका स्थानमा बनाइएका शक्तिपीठहरुमा मंगलबार विहानदेखि खोइँछ भराइँको कार्यक्रम हुने भएको छ।

महाअष्टमी तिथिमा बेलुको बोकाबली गर्ने निणर्य गरिए अनुसार बली प्रदानको कार्यक्रम रहेको महावीर युवा कमिटीले जनाएको छ।

कमिटीका अध्यक्ष दीपक साह मिन्टुले मंगलबार विहानदेखि प्रसाद चढाउने र साँझ ७ बजेदेखि बोकाबली प्रदान गरिने कार्यक्रम रहेको जानकारी दिए।

महावीर युवा कमिटीले सोमबार साँझसम्ममा बोका बलीका प्रदानका लागि ७ हजारभन्दा बढीले रसिद काटिसकेको जनाएको छ। यसपटक विगतभन्दा बढी भक्तजनले बली प्रदानका लागि रसिद कटाउने भएकाले अलग अलग स्थानमा विभिन्न युवा कमिटी तथा जिम्मेवार पदाधिकारीले रसिद काट्ने गरेकोले यकिन तथ्यांक भन्नमा समस्या रहेको अध्यक्ष साहको भनाइ छ।

त्यस्तै तराई-मधेशका मन्दिरहरूमा पनि पूजा-आराधना भइरहेको छ भने गाउँ-ठाउँमा बनाइएका माता दुर्गाको मूर्ति बनाई भव्य पूजापाठ गर्ने परम्परा झन् आकर्षक बनेको छ।

हिन्दू धर्ममा मूर्ति पूजाको अलग्गै महत्व छ, तर तराई मधेशमा विशेष महत्वका साथ पूजा अर्चना गरिँदै आएको छ । खासगरी मैथिल समुदायले देवी-देवतासँग घरको देवताको रुपमा दुर्गा माताको पूजा आराधना गर्ने परम्परा रही आएको छ।

पूजाको अवधिभर देवीलाई माइती आएकी छोरीझैँ मीठा परिकार अर्पण गरिन्छ । मूर्ति विसर्जनको बेला भने सोहर (छोरी बिदा गर्ने बेला गाइने गीत) गाएर भावुक विदाइ गरिन्छ।

संस्कृतिविद्हरू भक्तिका नौ मार्ग (नवधा भक्ति) मध्ये वात्सल्य मार्गलाई भावनात्मक मार्गको संज्ञा दिने गर्छन् । जानकी मन्दिरका प्रथम महन्त सुरकिशोर दासले माता सीतालाई छोरीझैँ माया गरेर सेवा गरेका थिए। उनका उत्तराधिकारी महन्तहरूले पनि सो परम्परालाई निरन्तरता दिएका छन्।

संस्कृतिविद् डा. राजेन्द्रप्रसाद विमलले देवी-देवतासँग पारिवारिक सम्बन्ध स्थापित गरेर परिवारका प्रिय सदस्यझैँ व्यवहार गर्ने परम्परालाई नै वात्सल्य मार्गको रुपमा चित्रण गरे । उनले सीता मिथिलाकी चेली भएकी र नवदुर्गासहित अन्य देवीहरू पनि सीताकै स्वरूप भएकाले तराई- मधेशमा देवीलाई चेली-बेटीको रूपमा माया गर्ने परम्परा अझै जीवित रहेको बताए।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय मैथिली विभागका पूर्वप्रमुख सहप्राध्यापक परमेश्वर कापडिका अनुसार मिथिलामा देवी मात्र होइन राम, कृष्ण, महादेवलगायतका देवतालाई पनि घरकै सदस्यझैँ माया गर्ने चलन छ।

तराई-मधेशमा विजया दशमीको आकर्षण धार्मिक मात्र नभइ सामाजिक र सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण छ।

मूर्ति पूजाले गाउँ-समाजलाई एकताबद्ध गर्ने ठूलो भूमिका खेलेको पाइन्छ । मूर्ति निर्माणदेखि विसर्जनसम्मकै क्रममा श्रमदान, आर्थिक सहयोग र सामूहिक सहभागिताले समाजलाई बलियो बनाउँछ । सजावटमा युवती-बालबालिकादेखि वृद्धसम्म सबैको योगदान हुने भएकाले यो धार्मिक मात्र नभई सांस्कृतिक उत्सवका रुप पनि ग्रहण गरेको छ।









## मधेश केन्द्रित दलहरु फेरि एकताको गृहकार्यमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनपछि मधेश केन्द्रित दलहरु एकता गर्नुपर्ने निष्कर्षमा पुगेका छन्।

मधेश केन्द्रित दलहरु सम्मिलित संघीय लोकतान्त्रिक मोर्चाले फेरि पनि एकताको लागि अघि बढ्नुको विकल्प नरहेको भन्दै एकताका लागि गृहकार्य थालिएको जनाएको छ।

पटक-पटक टुटेका फुटेका दलहरु जेन- जी आन्दोलनपछिको परिस्थितिमा फेरि एक ठाउँमा आउने संकेत देखिएको छ। संघीय लोकतान्त्रिक मोर्चामा आबद्ध दलहरुबीच एकताका लागि प्रस्ताव नै पेस भएको छ।

२०७४ सालको आम निर्वाचन जनता समाजवादी पार्टी नेपाल बनाएर मधेश केन्द्रित अधिकांश दल एकीकृत भएका थिए।

अहिले संघीय लोकतान्त्रिक मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, वृशेषचन्द्र लाल नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी आवद्ध छन्।




# ७३ वर्षीय वृद्धको शव फेला




**टुडे समाचारदाता**

वीरगन्ज । पर्साको ठोरी गाउँपालिका-५ स्थित सुवर्णपुरमा विगत चार दिनदेखि हराइरहेका एक वृद्धको शव सडेगलेको अवस्थामा खोल्सामा फेला परेको छ ।

असोज ९ गते बिहीबारदेखि नै सुवर्णपुर चोक जान घरबाट निस्किएका ७३ वर्षीय निरे लोप्चन आइतवार साँझ सुवर्णपुरको आठघरे नजिकैको खोल्सामा मृत भेटिएका छन् ।

लोप्चन घर नफर्किएपछि परिवार र स्थानीयवासीले पर्सा राष्ट्रिय निकुञ्जको किनारा र भारतको सिमावर्ती क्षेत्रसम्म व्यापक खोजी गरेका थिए ।

वडाध्यक्ष अष्टबहादुर लोप्चनका अनुसार, करिब एक वर्षअघि सोही खोल्सामा बाघको आक्रमणबाट एक जना स्थानीयको ज्यान गएको घटनाले गर्दा गाउँलेहरूले आइतवारदेखि खोल्सा क्षेत्रलाई केन्द्रित गरेर खोजी अभियान चलाएका थिए ।

खोजी अभियानकै क्रममा सोमबार बिहान लोप्चनको शव भेटिएको जनाइएको छ ।

वडाध्यक्ष लोप्चनले शवको अनुहार, घाँटी लगायतका भागको मासु लुछिएको अवस्थामा पाइएकोले जङ्गली जनावरको आक्रमणबाटै ज्यान गएको हुन सक्ने प्रारम्भिक आशंका व्यक्त गरेका छन् ।

घटनास्थलमा नेपाल प्रहरी र पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारीहरूले अनुसन्धान गरेका थिए । पर्सा प्रहरीले जनाए अनुसार मृत्युको वास्तविक कारण विस्तृत अनुसन्धान र पोष्टमार्टम पछि मात्र खुल्नेछ ।

# स्व. मनोज कुमार चौधरी स्मृति म्याराथनमा बाराको दबदबा

**टुडे समाचारदाता**

रौतहट । विजया दशमीको अवसरमा रौतहटको गरुडामा आयोजना गरिएको स्व. मनोज कुमार चौधरी स्मृति म्याराथन दौड प्रतियोगिताको १४औँ संस्करणमा बाराका धावकहरूले उत्कृष्ट प्रदर्शन गर्दै प्रतियोगितामा दबदबा कायम गरेको छन् ।

५ किलोमिटर दूरीमा सम्पन्न प्रतिस्पर्धामा कुल ३९ धावक सहभागी थिए। तीमध्ये बारा कोल्हवी नगरपालिका-१०, रुपेश माझीले १६ मिनेट ०५ सेकेन्डमा दूरी पार गर्दै पहिलो स्थान हासिल गरे र पहिलो पुरस्कार फ्रिज प्राप्त गरे। सोही नगरपालिकाका सञ्जय चौधरी १६ मिनेट ०७ सेकेन्डमा दौड पूरा गर्दै दोस्रो स्थानमा रहँदै साइकल पुरस्कार जिते ।

तेस्रो स्थानमा रौतहटको बौधीमाई नगरपालिका-१, पिपरियाका अशोक कुमार साह १६ मिनेट १५ सेकेन्डमा दूरी पार गर्दै पक्रिए भने बाराको करैयामाई गाउँपालिका-५ का शैलेश यादव १६ मिनेट २५ सेकेन्डमा चौथो भई सान्त्वना पुरस्कारका हकदार बने ।



प्रतियोगितामा प्रमुख अतिथिका रूपमा उपस्थित मधेस प्रदेशसभामा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई आयोजकले सम्मानपत्र प्रदान गर्‍यो। यादवले सम्बोधनमा आफू प्रदेशको नेतृत्वमा पुग्ने अवसर पाएमा कृषि, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए । रेडियो मधेस मसला एफएम गरुडाको आयोजनामा सम्पन्न प्रतियोगिता रेडियो अध्यक्ष बृजकिशोर यादवको सभापतित्वमा सम्पन्न भयो। कार्यक्रममा स्व. मनोज कुमार चौधरीकी पत्नी तथा गरुडा नगर उपप्रमुख पुनम कुमारी चौधरीले प्रतियोगितालाई निरन्तरता दिने वचन दिइन् । सो समापन कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, समाजसेवी, शिक्षक, व्यवसायी र राजनीतिकर्मीहरूको सहभागिता रहेको थियो। वक्ताहरूले स्व. चौधरीको योगदान र स्मृतिमा आयोजना गरिने यो म्याराथनले रौतहटको खेलकुद र स्थानीय पहिचानलाई मजबुत पारेको उल्लेख गरे ।

# जेनजी आन्दोलनका घाइते भन्छन्– होस आउँदा देशमा उथलपुथल भइसकेछ

काठमाण्डु । 'जेनजी' आन्दोलनका घाइते २५ वर्षीय मदन कार्की सिन्धुपाल्चोक बलेफी-८ का स्थायी बासिन्दा हुनुहुन्छ । केही वर्षदेखि काठमाडौँमा भिडियोग्राफी गर्दै आउनुभएका उहाँ भक्तपुर निकोसेरास्थित डेराबाटै काम गरिरहनुभएको थियो ।

गत भदौ २३ गते जेनजीको भ्रष्टाचार र बेथितिविरुद्धको आन्दोलनमा सहभागी हुने क्रममा नयाँ बानेश्वरमा बायाँ पाखुरामा गोली लागेर घाइते हुनुभयो । उहाँको अहिले महाङ्कालस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ । मुलुकमा भइरहेको बेथिति अन्त्यगरी समृद्धिको सपना साकार पार्न कसै न कसैले पहल गरोस् भन्ने लागेकाबेला युवापुस्ताको बलमा भएको आन्दोलनको विस्फोटमा सम्पूर्ण नेपालीको सहयोग र समर्थन मिलेको आन्दोलनका घाइते कार्कीको बुझाइ छ ।

आन्दोलनमा सहभागिता, बानेश्वर घटना र आगामी सोचबारे ट्रमा सेन्टरमा उपचारमा रहनुभएका आन्दोलनका घाइते कार्कीसँग राससले गरेको कुराकानीको सम्पादित अशं:

भदौ २३ गते जेनजी समूहको आह्वानमा भएको आन्दोलनमा सहभागी हुन बानेश्वरको एभरेष्ट होटलअघि बिहान ११ बजे पुग्दा सो ठाउँलाई निषेधित क्षेत्र घोषणा गरिएको रहेछ । पहिले त्यहाँ शान्तिपूर्ण आन्दोलन भइरहेको थियो । तीनकुने र माइतीघरबाट आउने आन्दोलनकारीको भीड दुवैतर्फ ठूलो थियो ।

ठूलो जुलुसले निषेधाज्ञा तोड्दै संसद् भवन अगाडि पुग्यो । 'संसद् भवन खाली गर' भनी दबाब सिर्जना गर्ने भन्ने थियो । त्यस क्रममा प्रहरीले अश्रुग्यास हान्न थाल्यो । सुरुमै अश्रु ग्यास प्रहार भएपछि भिड रन्थनिएर आक्रमक बन्यो । युवाले ढुङ्गामुढा गर्न थाले । सुरुमा त्यो गर्ने मनसाय थिएन । त्यहाँ घुसपैठ कहाँनेर भयो थाहा भएन । हामी शान्तिपूर्ण आन्दोलन गर्ने सोचका साथ नै अघि बढेका थियौँ ।

हामी वास्तविक जेनजी जो देशको सार्वजनिक सम्पत्ति र सम्पदा नष्ट गर्नु हुँदैन भन्ने कुरामा प्रष्ट थियौँ । स्वार्थी, उदण्ड स्वभावका केही व्यक्ति आन्दोलनको मर्म र भावना नबुझ्ने र रमाइलो हेर्न गएका मानिस भने त्यसमा संलग्न भएको पाइयो । सुरक्षा फौजले हानेको त्यसबखत अश्रुग्यास टिप्दै उतै फर्काउँदै भाग्दै गर्नेक्रम चलिरहेको थियो । बार भत्काउने र संसद् भवनभित्र छिर्ने भन्ने भयो । त्यो दिन संसद् चल्छ भन्ने पनि सुनियो ।



भीडलाई थेग्न सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो । अश्रुग्यास हान्ने, फर्काउने, ह्वार्रर अघि बढ्ने र आँखामा पनि छ्याप्ने काम चलिनै रह्यो । एक्कासी ड्याङ-ड्याङ र भटटटट गोली चल्यो । कहाँबाट हानियो भन्ने थाहै भएन । मसँगै छेउमा रहेका साथीहरु चार/पाँच जना गोली लागेर ढले ।

हामी संसद् भवनको दक्षिण मुल ढोकाको अगाडि थियौँ । मलाई पनि एक्कासी गोली लाग्यो, रन्थनिएँ, अनि मुटु गाँठो पर्‍यो । त्यति हुँदा पनि दौडिएँ । मलाई गोली लाग्यो भनेर साथीहरुलाई भनेँ । त्यति खेरै रगत पनि ह्वार्र ओइरियो । त्यो देखेर साथीहरुले उचालेर एम्बुलेन्समा हाले अनि एभरेष्ट अस्पताल पुर्‍याए । त्यहाँ बिरामी राख्ने ठाउँ थिएन । भूइँमै सुताएर सोधपुछ गरे । वरपर रगतको आहाल थियो ।

साथीहरु मलाई नआत्तिनु भनेर सान्त्वना दिइराखेका थिए । संसार घुमाएजस्तो लाग्यो, बेहोस हुँला जस्तो भयो । अक्सिजन कमजस्तो भए पनि त्यो लगाइदिनु भनेँ । अनि साथीले ट्रमा सेन्टर पठाइदिनुभयो । त्यसपछि देशका लागि यतिसम्म गर्न सकेँ भन्ने गर्व लाग्यो । भोलि आउने पीडिलाई राम्रो हुन्छ भने मेरो ज्यान गएर केही फरक पर्दैन भन्ने महसुस गरेँ ।

ट्रमा आएपछि साथीलाई मलाई गोली लाग्यो भनेर फोन गरे । हातै नचल्ने भयो भनी सुनाएँ । त्यसपछि दाईले मलाई फोन गर्नुभयो । त्यसपछि घरपरिवारका सबैसँग कुराकानी भयो । राति नै शल्यक्रिया भयो । होसमा आइपुग्दा सरकार परिवर्तन, राष्ट्रिय सम्पत्तिमा आगजनीसहित देशमा उथलपुथल भइसकेको रहेछ । सार्वजनिक सम्पत्ति जल्न हुन्थेन । कहाँबाट घुसपैठ भयो थाहा भएन । नेताहरुलाई एक हिसाबले सुकुम्बासी भए, घर न घाट भने बनाइ दियो । कतिले के-कति बदमासी गरेर सम्पत्ति जोडेका रहेछन् भन्ने छर्लङ्ग बनाइदियो ।

नेपालमा कतैबाट भगवान् आएर व्याप्त भ्रष्टाचार, अन्याय र अत्यचार अन्त्य गरिदेओस् भन्ने लागेका बेला यो विस्फोटन भएको छ । यसमा सम्पूर्ण नेपालीको सहयोग र समर्थन मिलेको छ । आन्दोलन सफल भएको छ । हामीले आन्दोलनमा खासगरी सुशासन, भ्रष्टाचार नियन्त्रण, युवापुस्ताको नेतृत्व र सामाजिक सञ्जाललाई निस्क्रिय बनाइएकामा त्यो हटाइनुपर्छ भन्ने मुख्य मुद्दा थिए ।

अर्कातर्फ आन्दोलनमा ठूलो जनधनको क्षति दुर्भाग्यपूर्ण स्थिति भयो । युवाको शान्तिपूर्ण प्रदर्शनीमा ताकिताकि गोली हान्नेलाई पक्राउ गरी कानुनी दायरामा ल्याउनुपर्छ । कारबाही गरिनुपर्छ । घाइते र सहिद परिवारलाई शिक्षा, स्वास्थ्य निःशुल्कसहित उचित राहत प्रदान गरिनुपर्छ । घाइतेलाई रोजगारी दिलाउनुपर्छ । युवापुस्ताको माग र मुद्दाअनुरुप शासकीयस्वरुपको परिवर्तनसम्मका विषयलाई सम्बोधन हुनुपर्छ । अनावश्यक संरचनाको खारेजी हुनुपर्छ । जनताले नै आफ्नो कार्यकारी छनोट गर्न पाउने व्यवस्था हुनुपर्छ ।

विसं २०४६ पछि माथिल्लो तहमा रहेका राजनीतिक र प्रशासनिक व्यक्तिको सम्पत्ति छानबिन गरी अकूत सम्पत्ति आर्जन गर्नेको राष्ट्रीयकरण गरिनुपर्छ । त्यसका लागि वर्तमान संविधानलाई पनि समयसापेक्ष संशोधन गरिनुपर्छ । युवाको बलिदानबाट बनेको सरकार भएकाले युवापुस्ताले उठाएका माग सम्बोधन हुनुपर्छ ।रासस

# कविता वाचन कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासले सोमबार हिन्दी कवि सम्मेलनको अयोजना गरेको छ । महावाणिज्य दूतावासमा आयोजना गरिएको हिन्दी पखवाडा २०२५ कार्यक्रममा सहभागी कविहरुले हिन्दी कविता वाचन गरेको थिए ।

सो कार्यक्रममा सहभागीलाई महावाणिज्य दूत देबी सहाय मिनाले स्वागत गर्दै हिन्दी भाषा नेपाल भारतबीचको सम्बन्धलाई उजागर गर्न सहयोग पुगेको बताए ।




नेपाल- भारतको मैत्री सम्बन्धमा हिन्दी भाषाको सदियौ देखि अह्म भूमिका रहेको बताउँदै महाबाणिज्य दूत मिनाले हिन्दी भाषा नेपालमा पनि धेरै बुझ्न थालेको बताए ।

महावाणिज्य दूतदेवी सहाय मिनाले भारत नेपालबीचको पौराणिक र इतिहासिक सम्बन्ध रहेकोले यसलाई अझ मजबुत बनाउन पर्ने धारणा व्यक्त गरे ।

उक्त कार्यक्रममा सहभागी कवि तथा कवित्रीहरुले बाचन गरेका हिन्दी कविताबाट सहभागीहरुलाई मन्त्रमुग्ध बनाएका थिए । हिन्दी कवि सम्मेलनमा वीरगञ्जका उद्योगी, व्यापारी, बुद्धिजिविलगायको सहभागिता रहेको थियो । सो कार्यक्रमको संचालन मिडिया कन्सुल मनिष कुमारले गरेको थिए ।

# महोत्तरीकै पहिलो 'डिजिटल' विद्यालय घोषणा

महोत्तरी । यहाँको बर्दिबास नगरपालिका-१ स्थित देउराली माध्यमिक विद्यालयले आफ्नो विद्यालयलाई डिजिटल विद्यालय घोषणा गरेको छ। आइतबार एक समारोहबीच नगरप्रमुख प्रल्हादकुमार क्षत्रीले छात्रछात्राको नवीनतम् प्रविधिमा पहुँच बढाउन यो घोषणा उपलब्धिपूर्ण हुने बताउनुभयो।




"मधेसमा सामुदायिक विद्यालय भनेपछि के पढाइ हुन्छ र ? भन्ने भाष्य बनेको छ," नगरप्रमुख क्षत्रीले भन्नुभयो, "यो घोषणाले मधेसभरिकै लागि एक नयाँ सन्देश प्रवाह हुनेछ ।" उहाँले विद्यालयका सबै कक्षाकोठामा जडित डिजिटल बोर्डको उद्घाटन समेत गर्नुभयो ।

विद्यालयमा बाल कक्षादेखि १२ सम्म एक हजार २०० विद्यार्थी छन् । यसका अतिरिक्त सिभिल इञ्जिनियरिङ, सर्वे (नापी) इञ्जिनियरिङ र वनविज्ञानसहित तीन विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को सम्बन्धनमा डिप्लोमा तहमा पठनपाठन गर्ने २०० छन् । ती सबै कक्षाको पठनपाठन डिजिटल प्रणालीबाट हुने विद्यालयका प्रधानाध्यापक कुमार घिमिरेले जानकारी दिनुभयो ।

"सबै विषयको पठनपाठन अब शिक्षकले डिजिटल प्रविधिबाटै गर्नुहुनेछ," घिमिरेले भन्नुभयो, "यसका लागि हाम्रा सबै शिक्षक पोख्त हुनुहुन्छ ।" यो प्रविधिको पठनपाठनबाट अघि छुटेको कक्षा विद्यार्थीले पछि हेर्न बुझ्न सक्ने घिमिरेको भनाइ छ ।

विद्यालयमा हाल स्थायी दरबन्दी, अस्थायी, राहत, बालविकास र नगर शिक्षकसमेत २६ जनाको जनशक्ति छ। माध्यमिक तहमा विद्यार्थीको चाप बढे पनि यस तहका शिक्षक भने दुई जना मात्र रहेका प्रधानाध्यापक घिमिरेले बताउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शिक्षा, स्वास्थ्यमा सुधारका संकेत देखिनेछन् । व्यवसायमा फाइदा हुनेछ। |
| वृष : | गुम्न लागेको सम्पत्ति हात लाग्नेछ । पठनपाठनमा मन जानेछ । |
| मिथुन : | बोलीका कारण काम बन्नेछन् । शुभ कार्यमा सहभागी हुने अवसर मिल्नेछ । |
| कर्कट : | आफूले गरेका काममा पश्चाताप हुनेछ । शत्रु बढ्ने दिन छ । |
| सिंह : | प्रतिभाको प्रदर्शन गर्ने दिन छ । व्यापार व्यवसायमा फाइदा हुनेछ । |
| कन्या : | परिवारमा कामको बोझ थपिनेछ । अनावश्यक खर्च बढ्नेछ । |
| तुला : | धर्मकर्ममा मन जानेछ । साथीभाइसंग भेट हुन्छ । मान प्रतिष्ठा बढ्नेछ । |
| वृश्चिक : | डुब्न लागेको धन उठ्ने दिन रहेको छ। |
| धनु : | सोको काम बन्दा मन प्रशन्न बन्नेछ । राजनीति र सामाजिक क्षेत्रमा मन जानेछ। |
| मकर : | तपाईले गरेको कामको जस अरुले लिनेछन् । राजनीतिमा वितृष्णा बढ्नेछ। |
| कुम्भ: | अनावश्यक यात्रामा नजानु राम्रो हुन्छ । |
| मीन : | मानसिक तनाव बढ्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बडादशैँको शुभ अवसरमा महोत्तरी जिल्लाको **मटिहानीमा** निर्माण गरिएको माटोको कलात्मक माता दुर्गाको प्रतिमा। तस्विरः रासस

# एकैदिन एक लाख ११ हजार बाहिरिए



काठमाण्डु । बितेका २४ घण्टामा काठमाडौँ उपत्यकाबाट एक लाख ११ हजार सर्वसाधारण बाहिरिएका छन् । काठमाडौँ उपत्यकाट्राफिकप्रहरीकार्यालयका अनुसारघटस्थापनादेखिआइतबार अपराह्न सम्ममा चार लाख ६७ हजार मानिसले काठमाडौँ छाडेका छन् ।

यसैबीच, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ अध्यक्ष विजयबहादुर स्वारले अधिकांश सडकमा ट्राफिक जामले यात्रीलाई गन्तव्यमा पुग्न समस्या भएको बताउनुभएको छ।

अध्यक्ष स्वारले घटस्थापना यता आठ लाख सर्वसाधारण काठमाडौँ उपत्यकाकाबाट बाहिरिएका बताउनुभयो । आफूहरूले सहज रूपमा यातायातका साधन सञ्चालनका निम्ति ट्राफिक प्रहरीलाई अनुरोध गरेको जानकारी पनि उहाँले दिनुभयो । ट्राफिक प्रहरीले पनि आवश्यकतानुसार सुरक्षाकर्मी परिचालन गरेर निर्वाध यात्राको व्यवस्था मिलाइएको जनाएको छ ।रासस

# अनियमितताको आरोपमा छानबिन समिति गठन

काठमाण्डु । सवारी परीक्षण कार्यालय, इटहरीका प्रमुख मेकानिकल इन्जिनियर रोशनकुमार देव र लेखापाल चन्द्रबहादुर बस्नेतलाई अनियमितताको आरोपमा जिम्मेवारीबाट हटाउँदै छानबिन समिति गठन गरिएको छ।

सेवाग्राहीसँग घूस माग्ने, मोलमोलाहिजा, अनावश्यक दुःख हैरानी दिएको विषयमा उनीहरु विरुद्ध उजुरी परेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आइतबार जिम्मेवारीबाट हटाएको हो।

कार्यालय प्रमुख र लेखापालको मिलेमतोमाकार्यालयमाअनियमिता भइरहेको प्रमाणसहितको गुनासो सेवाग्राहीबाट भौतिक पूर्वाधार तथा यातायातकमन्त्री कुलमान घिसिङसमक्ष गुनासो प्राप्त भएको थियो। त्यसलगत्तै मन्त्री घिसिङले तत्कालै दुवै जनालाई जिम्मबारीबाट हटाउन र छानबिन समिति गठन गर्न निर्देशन दिनुभएको थियो।

मन्त्री घिसिङले उक्त कार्यालयमा भइरहेको अनियमितता र त्यसमा सङ्लग्न कार्यालय प्रमुख, लेखापाल एवम् अन्य कर्मचारीमाथि छानबिन गर्न भौतिक पूर्वाधार तथा यातायात




मन्त्रालयका प्रशासन महाशाखा प्रमुख बलराम रिज्यालको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गर्नुभएको छ।

छानबिन समितिलाई १० कार्यदिनभित्र प्रतिवेदन बुझाउने समयसीमा दिइएको छ। समितिले आरोपित तथा अन्य कर्मचारीसँग बयान लिने, सेवाग्राहीसँग बुझ्ने, गरिएका निर्णयका कागजात अध्ययन/अनुसन्धान गर्ने, कारबाहीका लागि सिफारिस गर्नेलगायतका कार्यदेश दिइएको छ ।रासस

# शरद् ऋतुमा मनास्लु आरोहण उत्साहवर्द्धक, निमा छिरिङको नयाँ “रेकर्ड”

काठमाण्डु । शरद् ऋतुमा हिमाल आरोहीहरुको आकर्षण मनास्लु (८,१६३ मिटर)मा देखिएको छ । यही असोज १२ गतेसम्म मनास्लु आरोहणका ३१ समूहका ९५ महिला र २७९ पुरुषसहित ३७४ आरोहीले आरोहणको अनुमति लिएको पर्यटन विभागका निर्देशक हिमाल गौतमले जानकारी दिनुभयो ।

निर्देशक गौतमका अनुसार केही आरोहीले मनास्लु आरोहण गरिसकेका छन्भने केहीले तयारी गरिरहेका छन् । उहाँका अनुसार गत वर्षको यही याममा मनास्लु आरोहणका लागि २८ आरोही समूह थिए । मनास्लु आरोहणका लागि सेभन समिट ट्रेक्स प्रालि, सतोरी एड्भेन्चर प्रालि, इलाइट एक्सपेडलगायतका कम्पनी मनास्लुको आधार शिविर पुगिसकेका छन् ।

हाल मौसम अनुकूल रहेकाले विश्वको आठौँ अग्लो मनास्लुसँगै धौलागिरि हिमाल आरोहण जारी छ। त्यसबाहेक आमादब्लम, मेरापिक, आइल्यान्ड पिकलगायत हिमाल आरोहणका लागि आरोहीहरु गन्तव्यमा पुगेको विभागको भनाइ छ।

विभागका अनुसार यस याममा विभिन्न ३६ हिमाल तथा पिक आरोहणका लागि नेपालसहित ६७ देशका १५२ महिला र ५१५ पुरुष गरी ६६७ आरोहीले अनुमति लिएका छन् ।विभागको पर्वतारोहण शाखाको तथ्याङ्कअनुसार सगरमाथा आरोहणका लागि दुई आरोही समूहले अनुमति पाएका छन् । धौलागिरिमा एक आरोही समूहका आठ जनाले अनुमति लिएका छन्भने मकालु र ल्होत्सेमा समान एक समूहले अनुमति पाएको छ । हिम्लुङ हिमालमा छ आरोही समूहका ४८ जनाले अनुमति लिएका छन् ।

शरद् ऋतु मनास्लु आरोहणका लागि उपयुक्त मौसम भएकाले पनि यस याममा आरोहण गर्न उल्लेख्य सङ्ख्यामा आरोही आउने गरेको निर्देशक गौतमको भनाइ छ । नेपाल पर्यटन बोर्डका सञ्चालक समिति सदस्य ऋषिराम भण्डारीले यस वर्ष समग्र रुपमा मनास्लु आरोहण उत्साहजनक रहेको बताउनुभयो । सतोरी एडभेन्चर प्रालिका प्रबन्ध निर्देशकसमेत रहेका ऋषिराम भण्डारीले ३५ भन्दा बढी आरोही मनास्लु आरोहणमा गएका छन् । आमादब्लमलगायत हिमालमा पनि आरोहीको आकर्षण छ ।



नेपाल पर्वतारोहण सङ्घका प्रथम उपाध्यक्ष मिङ्मा ग्याबु शेर्पाले पनि मनास्लु आरोहण उत्साहबर्द्धक रहेको बताउनुभयो । “विगतको भन्दा यो पटक धेरै सङ्ख्यामा आरोही आएका छन् । समग्रमा पर्वतारोहण उत्साहजनक रहेको छ”, उहाँले भन्नुभयो ।

सेभेन समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङमा शेर्पाले यस पटक मनास्लु आरोहण राम्रो भएको बताउनुभयो । उहाँले भन्नुभयो, “यसपटक मनास्लुमा आरोहीको आकर्षण देखिएको छ, मनास्लु आरोहणमा पठाउने सबै व्यवसायीको आरोहणमा कुनै समस्या भएन । विगतमा जस्ता कुनै किसिमका अप्रिय घटना भएनन् । अहिलेसम्म आरोहण उत्साहजनक छ ।”

उहाँका अनुसार समग्रमा पर्वतारोहणमा यस याममा उत्साह छ। तर पदयात्रामा केही बुकिङ भने रद्द भएका छन् । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेका अनुसार यस पटक तुलनात्मक रुपमा कम पदयात्री गन्तव्य गएका छन्। पछिल्लो परिस्थिति सृजना भएपछि सेप्टेम्बरसम्मका लागि मात्रै २५ प्रतिशत बुकिङ रद्द भएको छ। यद्यपि अक्टोबरमा भने उल्लेख्य सङ्ख्यामा विदेशी पर्यटक आउने विश्वास गरिएको छ।

जेनजी आन्दोलनले केही दिन नेपालको पर्यटन आगमन खुम्चिएको थियो। अहिले विस्तारै पर्यटक आगमन बढिरहेको नेपाल पर्यटन बोर्डले जनाएको छ। आन्दोलन पूर्व दैनिक तीन हजार २०० हाराहारी विदेशी पर्यटक आइरहेकामा विषम परिस्थितिपछि यो सङ्ख्या घटेर दैनिक १६ सयको हाराहारीमा आएको थियो । यद्यपि यस साता भने दैनिक औसतमा २९ सयको हाराहारीमा यात्रु आइरहेका छन् ।

### अठार करोडभन्दा बढी रोयल्टी

पर्यटन विभागका अनुसार यस याममा हिमाल आरोहणबाट हालसम्म रु १८ करोड २१ लाख ६८ हजार ६२४ रोयल्टी जम्मा भएको छ । मनास्लुबाट मात्रै १५ करोड रोयल्टी उठेको छ । विभागका निर्देशक गौतमले शरद ऋतुमा मनास्लुसहित विभिन्न हिमाल आरोहणमार्फत हालसम्मकै बढी रोयल्टी जम्मा भएको बताउनुभयो । विगतमा यस याममा रु सातदेखि आठ करोडको हाराहारी रोयल्टी उठ्ने गरेको थियो।

### मनास्लुमा नयाा रेकर्ड

निमा छिरिङ शेर्पाले सबैभन्दा कम उमेरमा मनास्लु आरोहण गरी नयाँ कीर्तिमान कायम गर्नुभएको छ । उहाँले असोज १२ गते विहान ६ः२४ बजे १६ वर्ष चार महिना १८ दिनको उमेरमा मनास्लु आरोहण गर्नुभएको हो ।साथै मनास्लुमा यस याममा स्पेनका ८६ वर्षका आरोहीले आरोहण गरेर रेकर्ड बनाउनुभएको छ।

पोल्याण्डका साहसिक पर्वतारोही आन्द्रेज बार्गिएलले सर्वोच्च शिखर सगरमाथाको चुचुरोबाट कृत्रिम अक्सिजन प्रयोग नगरी स्की चढेर हिउँमा चिप्लेटी खेल्दै तल ओर्लिएर रेकर्ड बनाउनुभएको छ। उहाँ सेभेनसमिट ट्रेक्स प्रालिमार्फत स्कीका लागि सगरमाथा जानुभएको थियो।


सन् १९५६ मे ९ तारिखमा जापानी नागरिक तोसियो इमनिसी र नेपाली ग्याल्जेन नोर्बु शेर्पाले आठ हजार एक सय ६३ मिटर अग्लो मनास्लुको सफल आरोहण गर्नुभएको थियो । त्यसको दुई दिन अर्थात् मे ११ मा जापानिज नोर्बु हिगेता र किचिरो कातोले मनास्लो आरोहण गरेको रेकर्ड छ।

सन् १९५६ मे १८ मा स्वीस नागरिक आन्स रेज र रिट्ज लुचिसिङ्गरले मनास्लु आरोहण गरेका थिए।

लामो आरोहण इतिहास कायम रहेको गोरखामा अवस्थित मनास्लु हिमालको विसं २०७३ मा ६० वर्षे हीरक महोत्सव मनाइएको थियो । नेपालको सुदूरपश्चिम भागमा रहेको मनास्लु जसलाई कुताङ भनेर पनि चिनिन्छ।

यो हिमाललाई हृदयको हिमाल पनि भनिन्छ । मानसिरी पर्वतशृङ्ख लामा रहेको यो संसारको आठौँ अग्लो हिमाल हो ।विसं २०७७ असोज २९ गते बहराइनका राजकुमार सेख मोहम्मद हमाद मोहम्मद अल खलिफासहितको २१ जनाको टोली मनास्लु आरोहण गरेपछि विश्वभर मनास्लु हिमाल र नेपालको चर्चा चुलिएको थियो ।रासस

# तेह्र सय वर्ष पुरानो महाङ्काल मन्दिरको पुनःनिर्माण सुरु



काठमाण्डु । सांस्कृतिक, धार्मिक र ऐतिहासिक महत्त्व बोकेको महाङ्काल मन्दिरको पुनःनिर्माण सुरु भएको छ। काठमाडौँ महानगरपालिकाले रु १० करोड पाँच लाख लागतमा टुँडिखेलको छेउमा अवस्थित उक्त मन्दिरको पुनःनिर्माण सुरु गरेको हो।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत इतिहास, विश्वास र सांस्कृतिक धरोहरको रूपमा रहेको उक्त मन्दिर पुनःनिर्माण सुरु गरिएको जानकारी दिनुभयो। उक्त मन्दिर, हिन्दू-बौद्ध आस्था, तान्त्रिक यात्रा र राजकुमारी भृकुटीको कथासँग जोडिएको उहाँले बताउनुभयो।

विसं २०७२ को भूकम्पमा पुनःनिर्माण गर्नुपर्ने उक्त मन्दिर विभिन्न कारणबस १० वर्ष लागेको थियो। आव २०८०/८१ को बजेटमा विनियोजन भएपछि विसं २०८१ असार १९ गतेदेखि उक्त मन्दिर पुनःनिर्माण सुरु गरिएको हो। रु १० करोड पाँच लाख लागतमा पुनःनिर्माण हुन लागेको मन्दिर विसं २०८४ असार १९ गते सम्पन्न हुनेछ।

मन्दिर ५८३ दशमलव ८१ वर्गमिटरमा फैलिएको छ। मन्दिर पुनःनिर्माणपछि भूईँतलामा नौ कोठा, पहिलो तलामा सभाकक्ष र भण्डारण, छानामा परम्परागत बुइँगल र झिँगटी टायल, परम्परागत ढोका-झ्याल, काठको कलात्मकता, हरियाली र पदयात्रा मार्गसहितको वातावरण रहने छ। रासस

# विभिन्न छ ठाउँमा राजमार्ग अवरुद्ध

काठमाण्डु । अविरल वर्षा, बाढीपहिरोका कारण देशका विभिन्न छ ठाउँमा आज पनि राजमार्ग बन्द रहेका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले सङ्खुवासभा, सिन्धुपाल्चोक र रसुवा जिल्लाका छ ठाउँमा राजमार्ग अवरुद्ध रहेका जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले बिहान ९ बजेसम्मको विवरणअनुसार अविरल वर्षाका कारण सङ्खुवासभाको भोटखोला गाएँपालिका-४ बरुणमा कोशी राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । सोही जिल्लाको मकालु गाउँपालिका-३ एकुवामा अविरल वर्षाका कारण कोशी राजमार्ग अवरुद्ध भएको उहाँले बताउनुभयो । यो सडक विगत लामो समयदेखि अवरुद्ध रहेको छ।

रसुवाको गोसाइँकुण्ड नगरपालिका-२ मा बाढीका कारण अवरुद्ध सडक खुल्न सकेको छैन । सडक अवरुद्ध हुँदा नेपाल-चीन जोड्ने नाका सञ्चालनमा आउन सकिरहेको छैन। आज रसुवाको गोसाइँकुण्ड नगरपालिका-२ तातोपानीमा पनि पहिरोले पासाङल्हामु सडकखण्ड अवरुद्ध भएको छ । पहिरो पन्छ्याउने प्रयास जारी रहेको प्रहरीले जनाएको छ।



सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-७एककिलोमाआइतबारदेखि परेको वर्षसँगै आएको पहिरोका कारण अरनिको राजमार्ग अवरुद्ध भएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ बाह्रकिलोमा आज खसेको पहिरोका कारण अरनिको राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ।


प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेका अनुसार पहिरोका कारण अवरुद्ध बनेको नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत तुइन खोलाको पहिरो पन्छाएर सोमबार बिहानदेखि सडक सञ्चालनमा ल्याइएको छ ।रासस

# नख्खु कारागारबाट फरार ६५१ कैदीबन्दी फर्कन बाँकी



ललितपुर। गत भदौ २३ र २४ गते देशभर जेनजी पुस्ताको आह्वानमा भएको प्रदर्शनका क्रममा नख्खु कारागार, ललितपुरमा भएको तोडफोड, आक्रमण र आगजनीका कारण एक हजार २८० जना कैदीबन्दी भागेका थिए।

फरार कैदीमध्येमा हालसम्म पाँच सय ८७ जना स्वेच्छाले कारागारमा फर्किएका छन् भने केही देशका विभिन्न कारागारमा पुनःस्थापित भएका छन्। अझै ६५१ जना फरार कैदी नख्खु कारागार प्रशासनले सूचनामार्फत फर्कन आह्वान गरे पनि फर्किएका छैनन्। कारागार व्यवस्थापन विभागले फरार रहेका सबै कैदीबन्दीलाई स्वेच्छाले फर्कनका लागि असोज २० गते सोमबारसम्मको समय दिएको छ। तोकिएको समयसीमाभित्र नफर्किए कारागार ऐन, २०७९ अनुसार कानुनी कारबाही प्रक्रिया अघि बढाइने कारागार व्यवस्थापन विभागले जनाएको छ। विभागले फरार कैदीलाई खोजी गर्न तथा फिर्ता ल्याउन सहयोग पुर्‍याउन कैदीबन्दीका परिवारजन, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार माध्यम र अन्य सरोकारवाला निकायसँग सहकार्यका लागि आग्रह गरेको छ। फरार कैदीहरूले तोकिएको म्यादभित्र आफैँ नजिकको प्रहरी कार्यालय, कारागार वा सम्बन्धित निकायमा सम्पर्क गरेर आत्मसमर्पण गर्न सकिने व्यवस्था गरिएको विभागले जनाएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शुभकामना

हिन्दुहरुको महान चाड विजया दशमी मनाइँदैछ । देशको विभिन्न शक्तिपीठलगायत दुर्गा भगवतीको मूर्ति स्थापित गरी विजया दशमी मनाइरहेको छ । घटस्थापनादेखि प्रारम्भ भएको बडा दशैं विजयादशमीको दिन सम्पन्न हुनेछ । हिन्दूहरुले हरेक स्थानमा बडा दशैंमा देवी दुर्गाको पुजा गर्छन् । तर त्यो विधि र प्रक्रिया ठाउँ अनुसार केही फरक हुन्छ । नेपालको तराईमा दुर्गा मन्दिरहरुको अतिरिक्त विभिन्न टोल, चोक र गाउँहरुमा दुर्गा भगवानीको मूर्ति स्थापित गरी पूजा गरिन्छ । केही स्थानमा सप्तमी र केही स्थानमा अष्टमीको बली प्रदान भएपछि मात्र मांसाहारी भोजन तराईमा गरिन्छ । दशैंमा तराईमा पूजापाठमा विशेष जोड दिइन्छ । पहाडी र हिमाली जिल्लाहरुमा घटस्थापनादेखि नै मद्यमांस सहित रमाइलो गर्ने चलन छ । विजया दशमी देखि पुर्णिमासम्म टीका लगाएर आफन्तहरुको आशीर्वाद थाप्ने चलन छ । देशमा भएको राजनीतिक उथलपुथलपछिको घटनाक्रमहरु विकसित अवस्थामा रहेको छ । राजनीतिक दलका नेताहरु, जेन- जी आन्दोलनमा सक्रिय रहेका पुस्ता र सरकारमा सहभागी तथा सरकारको सहयोगीहरु एजेण्डा अनुसार काम गरिरहेका छन् । विजया दशमीमा राजनीतिक घटनाहरुको प्रभाव परेको प्रष्ट देखिन्छ । भदौंको अन्तिम हप्ताको २३ र २४ गते भएको आन्दोलनको क्रममा ७४ जना नेपालीको ज्यान गयो । दुई हजार बढी घाइते छन् । त्यो आन्दोलनमा भएको जनधनको क्षतिको प्रष्ट प्रभाव बडा दशैंमा पनि परेको छ । विजया दशमीको उल्लासमा कमी आएको छ । धेरै परिवारमा बडा दशैं मनाउने अवस्था छैन । बडा दशैं नेपालीहरुको सबैभन्दा ठूलो चाड हो । तर धेरै परिवारलाई सन्तान गुमाएको पीडा र अस्पतालमा घाइते अवस्थामा रहेका सन्तानको पीडालाई दशैंले कम गर्न सक्ने अवस्था छैन । सरकारले मृतकका परिवारलाई राहतस्वरुप १५ लाख र घाइतेको सम्पूर्ण उपचार खर्च व्यहोर्ने व्यवस्था गरेको छ । त्यसले आन्दोलनमा लागेर वीरगति प्राप्त गरेका र घाइतेहरुलाई केही राहत भएको छ । उनीहरुले गरेको आन्दोलनको मूल एजेण्डाहरु सम्बोधन नभएसम्म उपलब्धि मान्न सकिदैन । सरकारले फागुन २१ गते चुनाव गराउनु पर्ने बाध्यता छ । जेन- जीको एजेण्डालाई सम्बोधन गरी देशमा आम निर्वाचन भए राजनीतिले नयाँ कोर्श लिने छ । कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनले चुनावमा हुने आर्थिक चलखेल, धाकधम्की, प्रशासनिक प्रभाव लगायतका धेरै विकृतिहरुमा भारी कमी आउने छ । त्यस तर्फ सरकार गम्भीर हुनुपर्ने अवस्था छ । राजनीतिक दलका नेताहरुले हा हु तिर लाग्नु भन्दा समयमै चुनाव सम्पन्न गर्ने तिर लाग्न आवश्यक छ । सरकारले निवर्तमान प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायत पाँच जनालाई काठमाण्डु उपत्यका छाड्न रोक लगाएको छ । राजनीतिक घटनाक्रमहरु आफ्नो गतिमा अगाडि बढिरहेको छ । विजया दशमीको पावन अवसरमा सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभेच्छुक, टुडे परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# दुर्गा पूजाको आठौ दिन महागौरीको पूजा

*श्वेते वृषे समारूढ़ा श्वेताम्बरधरा शुचिः ।*
*महागौरी शुभं दद्यान्महादेवप्रमोदया ॥*

नवरात्रि अर्थात वडा दशैंमा दुर्गा पूजा को अवसरमा बहुत विधि-विधान पूर्वक माता दुर्गा को नौ स्वरुपको पूजा-उपासना गरिन्छ ।त्यस मध्ये आठौ दिन देवी महागौरीको पूजा हुन्छ ।कालरात्री पुजापछि माता महागौरीको पुजा गरिन्छ ।कालरात्रीमा माता दुर्गाको अत्यन्त विकराल स्वरुपको पुजा हुन्छ ।विभिन्न स्थान अनुसार कालरात्रीको पुजा विधि फरक फरक किसिमको हुन्छ ।कालरात्रीको पूजामा कतिपय स्थानमा जीवको बलि प्रदान गरिन्छ ।

आठौ दिन शान्त स्वरुपमा देखिने माता गौरीको पूजा गरिन्छ ।ममतामयी गौरीको पूजाबाट साधकहरु अलौकिक सिद्धि प्राप्त गर्छन् ।माता गौर अमोघ फलदायनी हुन् ।

भक्तको सबै प्रकारको क्लेष पखालिन्छ ।पूर्वको संचित पापपनि नष्ट हुन्छ ।उहाँको पूजा अर्चना, उपासना-अराधना अत्यन्त कल्याणकारी छ ।उहाँको कृपाले आलौकि सिद्धिको प्राप्ति हुन्छ । वडा दशैंको आठौ दिन महागौरी शक्तिको पूजा गरिन्छ ।नामले नै प्रष्ट हुन्छ की उहाँ पूर्णत :गौर वर्णको हुनुहुन्छ ।

उहाँको उपमा शंक, चन्द्र र कुंदको फूलले दिएको छ ।अष्टवर्षा भवेद् गौरी अर्थात उहाँको आयु आठ वर्षको मानिएको छ ।उहाँले धारण गर्नु भएको वस्त्र र सबै आभूषणहरुपनि स्वेत रंगको छ ।त्यसकारण उहाँलाई श्वेताम्बरधारा भनिएको छ ।उहाँको ४ वटा हात र वाहन वृषभ रहेको छ ।उहाँको वाहन वृषभ रहेकाले उहाँलाई बृषारुढापनि भनिएको छ ।



उहाँको माथिल्लो दाहिने हात अभय मुद्रामा र तलको हात त्रिशुल धारण गरेको छ ।माथिल्लो बायाँ हातमा डमरु र तलको हातमा वर मुद्रा रहेको छ ।

माता गौरीको स्वरुप अत्यन्त शान्त छ । भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न माता महागौरीले कठोर तपस्या गर्नु भो ।लामो समय कठिन तपस्याको कारण उहाँको रंग कालो भई हाल्यो ।माता महागौरीलाई भगवान शिवको प्राप्तिका लागि हजारौ वर्ष तप गर्नु पऱ्यो ।अन्ततःमाता महागौरीको तप सफल भयो ।भगवान भोलेनाथ प्रसन्न भै तपस्याबाट कालो र कमजोर भईसकेको महागौरीको शरिरलाई पवित्र गंगाजलले पखालेर कान्तिमय बनाई दिनु भयो ।उहाँको शरिर गौर वर्णको भयो ।त्यसकारण उहाँ महागौरीको नामले सुविख्यात हुनु भयो ।

माता महागौरीले कठोर तपस्या गरी भगवान शिवलाई वरको रुपमा पाउनु भयो ।उहाँको कठिन तपस्याले भगवान शंकर प्रसन्न हुनु भयो ।माताको त्यो गोरो स्वरुपको वडा दशैंमा आठौ दिन पूजा गरिन्छ ।उहाँ जगत कल्याणी र साधकको साधनबाट प्रसन्न भै मनोवाञ्छित फल प्रदान गर्ने जगत माता हुनुहुन्छ । माता महागौरीको नामको विषयमा कयौं कथाहरु छन् ।देवी पार्वतीको रूपमा महागौरीले भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न कठोर तपस्या गर्नु भयो ।

भगवान भोलेनाथको कुनै वचनबाट माता पार्वतीको मनमा ठूलो चोट लाग्यो ।उहाँ सो वचनले आहत हुनु भयो ।त्यसपछि उहाँ कठोर तपस्यामा लीन हुनुभयो ।

एवं प्रकार वर्षौ सम्म कठोर तपस्यामा लीन भएपछि माता पार्वती कैलाशमा जानु भएन् ।माता पार्वती कैलाशमा नदेखिएपछि भगवान भोलेनाथ उहाँको खोज ीगर्न निस्कनु भयो ।

भगवान भोलेनाथ माता पार्वती तपस्यामा रहेको स्थानमा पुगेपछि उहाँ ठूलो आश्चर्यमा पर्नु भयो ।माता पार्वतीको रंग अत्यन्त ओजपूर्ण थियो ।उहाँको अनुहार चाँदको जस्तो श्वेत रंगको चम्किलो र कुंद फूल जस्तो सुन्दर थियो ।उहाँको श्वेत रंगको वस्त्र र आभूषणबाट प्रसन्न भै भगवान शिव गौर वर्णको वरदान दिनुभयो ।त्यस बेलादेखि नै उहाँ महागौरीको नामले विख्यात हुनुभयो ।

# पाँच महिनामा शिक्षा सुधारतर्फ गर्न सकिने काम

**नुवराज भण्डारी**

वर्तमान चुनावी सरकारले पाएको कार्यावधि छोटो छ । संविधानको व्यवस्था अनुसार ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउनुपर्ने बाध्यताका कारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दीर्घकालीन कानुन निर्माण, पाठ्यक्रम परिमार्जन वा संरचनागत ठुलो परिवर्तन तत्काल गर्न सक्ने अवस्था छैन । ज्ञान र आविष्कारमा जीवन समर्पण गर्नुभएका महावीर पुन शिक्षामन्त्री बन्नुभएकाले छोटो अवधिमै पनि शिक्षामा सुधार गर्ने अवसर प्रशस्त छन् ।

यो अवधिमा केही नमुना कार्यक्रम र उदाहरणीय अभ्यास सुरु गर्ने अवसर मन्त्रालयलाई छ, जसले दीर्घकालीन सुधारको जग बसाल्ने मात्र होइन, आगामी सरकारलाई अनुकरणीय नमुना पनि दिनेछ । शिक्षामन्त्रीले 'शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा पाँच महिनामा गर्न सकिने र गर्नैपर्ने काम र विचार भए पठाउनुहोस्' भनेर सुझाव माग्नु सकारात्मक पहल हो । यसले शिक्षा सुधारका लागि छलफल र संवादको बाटो खोलिदिएको छ ।

सञ्चार र प्रविधिका क्षेत्रमा अध्ययन-अनुसन्धान र काम गरेको शिक्षामन्त्रीको पृष्ठभूमि भएकाले विद्यालयमा प्रविधिको प्रयोग, डिजिटल शिक्षण र प्रविधिमैत्री व्यवस्थापनलाई उहाँले विशेष प्राथमिकता दिन सक्ने अपेक्षा गर्न सकिन्छ । शपथ ग्रहणलगत्तै विज्ञसँग सुझाव लिएर अघि बढ्ने उहाँको धारणा पनि सार्वजनिक भएकाले छोटो अवधिमै व्यावहारिक र दीर्घकालीन असर पार्ने सुधार सुरु हुने विश्वास गर्न सकिन्छ ।

नेपालमा विशेष गरी ग्रामीण क्षेत्रमा रहेका सरकारी विद्यालयको गुणस्तर जहिल्यै गम्भीर प्रश्न बनेको छ । सम्पन्न र उच्च ओहोदाका अभिभावकका छोराछोरी निजी विद्यालयमा अन्तर्राष्ट्रिय स्तरको सुविधासहितको शिक्षा प्राप्त गरिरहेका छन् तर ग्रामीण सरकारी विद्यालयमा अझै आधारभूत पूर्वाधार, शिक्षक र आवश्यक सामग्रीको अभाव छ । यस कारण त्यहाँ अध्ययन गर्ने विद्यार्थीले सहरी र निजी विद्यालयका साथीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । परिणामस्वरूप आर्थिक रूपमा विपन्न अभिभावक निराश छन् भने उज्ज्वल भविष्यको अपेक्षा बोकेका विद्यार्थी नेपालमा उपलब्ध सीमित अवसरबाट वञ्चित भइरहेका छन् । यस्तै असमानता जेन-जी आन्दोलनको पनि एउटा महत्त्वपूर्ण एजेन्डा हो ।

> शिक्षामन्त्रीको अध्ययन, अनुसन्धान र अनुभवलाई अब पुँजीका रूपमा लिन सकिन्छ । विद्यालयमा डिजिटल उपकरणको प्रयोग विस्तार गर्ने, शिक्षक-विद्यार्थीलाई अनलाइन सामग्री उपलब्ध गराउने, स्मार्ट कक्षाकोठा स्थापना गर्नेजस्ता काम सुरु गर्न सकिन्छ । सरकारी विद्यालयमा न्यूनतम इन्टरनेट सुविधा सुनिश्चित गर्न सके डिजिटल शिक्षा प्रवर्धन गर्न सजिलो हुन्छ ।

शिक्षा सुधारको अर्को प्रमुख चुनौती शिक्षकको असन्तुष्टि हो । शिक्षकलाई शैक्षिक प्रणालीको मेरुदण्ड मानिन्छ र उनीहरूको उत्साहविना सुधारका प्रयास सफल हुन सक्दैनन् । अस्थायी शिक्षकलाई स्थायीकरण, पदोन्नति प्रक्रियामा सुधार, पदानुक्रम र संरचना परिमार्जनजस्ता माग शिक्षकले राखेका छन् ।

शिक्षकका माग सम्बोधनको सुरुवात, विद्यालय व्यवस्थापनमा जेन-जीको प्रतिनिधित्व, कम्प्युटर शिक्षकका रूपमा जेन-जी नियुक्ति, प्रतिनिधि पालिकामा डिजिटल शिक्षाको प्रयोग र स्थानीय पाठ्यक्रम निर्माणजस्ता कार्यक्रम अहिले अगाडि बढाइयो भने आगामी सरकारका लागि यी मार्गदर्शक बन्नेछन् ।

आन्दोलन गरी अघिल्लो सरकारसँग वार्ता गरेका शिक्षकका माग पूरा गर्नेतर्फ सरकार अग्रसर देखिएन भने सुधारका प्रयास प्रभावकारी हुन सक्दैनन् । शिक्षकका सबै माग पूरा गर्ने अवस्था अहिले नभए पनि वर्तमान सरकारले कम्तीमा शिक्षकसँग संवाद गर्दै मागमा उचित सम्बोधनको सुरुवात गर्न सक्छ । यस्ता संवादमार्फत माग सम्बोधनको स्पष्ट खाका तयार पार्न सकेमा यसले शिक्षकमा विश्वास जगाउँछ । यही विश्वास जगाउन अघिल्लो सरकार असफल भएको थियो ।

शिक्षामन्त्रीको अध्ययन, अनुसन्धान र अनुभवलाई अब पुँजीका रूपमा लिन सकिन्छ । विद्यालयमा डिजिटल उपकरणको प्रयोग विस्तार गर्ने, शिक्षक-विद्यार्थीलाई अनलाइन सामग्री उपलब्ध गराउने, स्मार्ट कक्षाकोठा स्थापना गर्नेजस्ता काम सुरु गर्न सकिन्छ । सरकारी विद्यालयमा न्यूनतम इन्टरनेट सुविधा सुनिश्चित गर्न सके डिजिटल शिक्षा प्रवर्धन गर्न सजिलो हुन्छ ।

यस काममा जेन-जी युवालाई विद्यालयसँग जोडेर सहकार्य गर्न सकिन्छ । उनीहरू प्रविधिमा दक्ष भएकाले विद्यालयमा डिजिटल कक्षा सञ्चालन, नयाँ सामग्रीको प्रयोग र अतिरिक्त गतिविधिमा सहयोगी बन्न सक्छन् । यसका लागि विद्यालय व्यवस्थापन समितिमा जेन-जीको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ । उनीहरूको पारदर्शिता र जवाफदेहिताका लागि उठ्ने आवाजले विद्यालयलाई मर्यादित र उत्तरदायी बनाउनेछ ।

अर्को पहलका रूपमा सबै विद्यालयमा कम्तीमा एकजना कम्प्युटर शिक्षक नियुक्त गर्ने निर्णय कार्यान्वयन गर्दा त्यसमा जेन-जी युवालाई आरक्षण कायम गर्न सकिन्छ । उनीहरूको नेतृत्वमा अनलाइन कक्षा, डिजिटल पुस्तकालय र भिडियोमार्फत अध्ययनको व्यवस्था गर्न सकियो भने छोटो अवधिमै विद्यार्थी र अभिभावकले परिणाम महसुस गर्नेछन् । यसले सिकाइलाई समकालीन आवश्यकतासँग जोड्ने मात्र होइन, विद्यार्थीलाई डिजिटल युगसँग परिचित गराउनेछ ।

स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रका विद्यालयका लागि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार छ तर अझै धेरै पालिकाले यसो गरेका छैनन्, वा बनाए पनि लागु गरेका छैनन् । शिक्षा मन्त्रालयले पाँच महिनाभित्रै सबै पालिकामा स्थानीय पाठ्यक्रम निर्माण अनिवार्य गरी आगामी शैक्षिक सत्रदेखि कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सक्छ ।

स्थानीय पाठ्यक्रममार्फत कला, खेलकुद, नाटक वा साहित्यिक कार्यक्रमजस्ता सिर्जनात्मक गतिविधि प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । यसले विद्यार्थी र अभिभावकको आत्मविश्वास बढाउने मात्र होइन, सिकाइलाई रमाइलो र आकर्षक पनि बनाउँछ ।

देखिने सुधार सुरु गर्न र आगामी सरकारका लागि मार्गदर्शन स्थापना गर्न शिक्षा मन्त्रालयले केही प्रतिनिधि पालिका छनोट गर्न सक्छ । यसरी छनोट गर्दा भौगोलिक, सांस्कृतिक, भाषिक, लैंगिक, आर्थिक, सामाजिक र शैक्षिक विविधतालाई ध्यान दिइनुपर्छ ।

डिजिटल प्रविधि, स्मार्ट कक्षा, इन्टरनेटको प्रयोग र जेन-जीसँगको सहकार्यलाई तत्काल लागु गर्न सकिने केही पालिकामा प्रारम्भ गरियो भने यसले 'उदाहरणमार्फत नेतृत्व' (लिड बाई एक्ज्याम्पल) को नमुना स्थापित गर्नेछ । छोटो अवधिमै प्राप्त ठोस अनुभव र प्रमाणले आगामी सरकारलाई दीर्घकालीन शिक्षा नीति र सोअनुसारको पाठ्यक्रम निर्माण गर्न मद्दत गर्नेछ ।

शिक्षामन्त्रीको कार्यकाल छोटो भए पनि शिक्षामा सार्थक सुधार गर्न पर्याप्त सम्भावना छ । शिक्षकका माग सम्बोधनको सुरुवात, विद्यालय व्यवस्थापनमा जेन-जीको प्रतिनिधित्व, कम्प्युटर शिक्षकका रूपमा जेन-जी नियुक्ति, प्रतिनिधि पालिकामा डिजिटल शिक्षाको प्रयोग र स्थानीय पाठ्यक्रम निर्माणजस्ता कार्यक्रम अहिले अगाडि बढाइयो भने आगामी सरकारका लागि यी मार्गदर्शक बन्नेछन् । अन्ततः यस्ता सुरुवातले नेपालको शिक्षा प्रणालीलाई समान, गुणस्तरीय र भविष्यमुखी बनाउन योगदान पुऱ्याउनेछन् ।रातोपाटी

# दसैंले रोग नबोकाओस्, अस्पतालको बास नहोस्



**डा प्रकाश बुढाथोकी**

असोज महिना वातावरणीय हिसाबले जति रमणीय हुन्छ, धार्मिक तथा सांस्कृतिक हिसाबले झनै स्वास्थ्यको दृष्टिले पनि त्यति नै महत्वपूर्ण मानिन्छ । नेपालीहरुको सबैभन्दा ठूलो चाड बडादसैंको आफ्नो सांस्कृतिक महत्व भए पनि सबै घरपरिवार, सदस्य भेट हुने, फुर्सदका साथै रमाइलो गर्ने, नयाँ लुगा लगाउने तथा मासु खाने, पर्वका रुपमा स्थापित भएकाले सबैलाई एक सूत्रमा बाँध्छ । चाडपर्व भन्नेबित्तिकै पहिलो ध्यान खानेकुरामा पुग्ने गर्दछ । त्यसमा दसैं र मासुको सम्बन्ध नङ र मासुको जस्तो छ ।

बलि दिन, मजाले खान वा केटाकेटीको रमाइलो जेका लागि भए पनि प्रायःनेपालीको घर व्यवहारमा दसैंअघि नै जोहो गरिन्छ र मूल्य नभई पाउनु नै ठूलो मानिन्छ । दसैं मासुको विभिन्न परिकार चाख्ने अवसर पनि हो । त्यसैले के बुढा, के बालक, हरेकको भान्साबाट मासुको बासना आउँछ । दसैंमा भुटुवा, पकुवा, कवाव र झोल हालेको मासु पकाइखाने गर्नुका साथै भुँडी, कलेजो, बोसेआन्द्रा, रकतीकान, हेकुलाको भरुवा पनि खाइन्छ तर हिजोआज समय तथा झन्झट व्यहोर्न नचाहनेले ससेज, सलामी, मिन्स, विगस, बेकोन आदिलाई स्न्याक्सको विकल्पका रुपमा प्रयोग गर्दछन् ।

नेपालमा प्रतिवर्ष २० करोड किलोग्रामभन्दा बढी मासु उत्पादन हुन्छ, जसमा प्रतिदिन करिब पाँच लाख ५० हजार किलो मासु खपत हुने सरकारी तथ्याङ्क छ । यसैगरी दैनिक करिब २० हजार किलो खसी, ४० हजार किलो राँगाको मासु काठमाडौंमै मात्र बिक्री हुन्छ । नेपालमा दिनहुँ कुखुराको मासु ८० हजार किलो बिक्री हुन्छ । नेपाली मासु बजारको ४० प्रतिशत बजार प्रशोधित मासुले लिइसकेको छ । नेपालमा सबैभन्दा बढी अर्थात् ७५ प्रतिशत मासु राँगा, भैंसी, नौ प्रतिशत खसीबोका र १६ प्रतिशत कुखुरा बङ्गुरको मासु खपत भएको देखिन्छ ।

### मासु के हो ?

मासु भन्नाले हामीले खाने गरेको चराचुरुङ्गी (कुखुरा, हाँस, परेवा, ढुकुर) पाल्तु जनावर (खसी, बोका, राँगो, सुँगुर), जङ्गली जनावर (बँदेल, हरिण, जरायो), पानीमा पाइने जन्तु (माछा, गगटा, भ्यागुता) आदिको मासु भन्ने बुझिन्छ । वैज्ञानिकद्वारा स्वस्थ जनावरलाई सफा ठाउँमा वध गरी तयार गरिएको, प्राकृतिक गुण र पौष्टिकताले भरिपूर्ण टाउको, घाँटी, पुच्छर, छाला, हाड र भित्री अङ्ग (कलेजो, फोक्सो, आन्द्राभुँडी आदि) बाहेकलाई खाद्य मासुको रुपमा परिभाषित गरिएको छ । नेपालमा भने रौं, खुर, सिंह, ठूला, हड्डीबाहेक प्रायःसबै अङ्गलाई मासुसँग सम्बन्धित खाद्यवस्तु मान्ने गरिन्छ । छालादेखि आन्द्राभुँडी, फोक्सो, टाउकोसमेतबाट विभिन्न स्वादिष्ट परिकारहरु बनाउनु नेपाली पाक संस्कृतिको विशेषता नै हो तर छिट्टै बिग्रने खालका भित्री अङ्गको मासु ताजा, सफा र राम्ररी पकाइएको हुनुपर्दछ जसलाई पहिला उसिनु र मरमसला हाली पुनःपकाएर खानुपर्दछ, धेरै समय राख्नुहुँदैन ।

मासु प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ (आइरन, फस्फोस) र पानीको मिश्रणबाट बनेको हुन्छ तर पौष्टिक तत्वको अनुपात भने एकै किमिसको हुँदैन । मासुमा पाइने मुख्य पौष्टिक तत्व पूर्ण प्रोटिन हो । स्वास्थ्यका दृष्टिले मासुलाई पोसिलो खानेकुरा मानिन्छ । सय ग्राम खसीको मासुमा २२ ग्राम प्रोटिन, पाँच ग्राम चिल्लो पदार्थ, एक ग्रामभन्दा बढी खनिज पदार्थ, ६० ग्राम पानी तथा भिटामिन एवं लवणहरु हुन्छन् । त्यसैले दैनिक ३०-३५ ग्राम मासु खानाले हाम्रो शरीरलाई पुग्ने आवश्यक पौष्टिक तत्व सजिलै प्राप्त हुन्छ । हप्तामा एकपटक वा बल्ल तल्ल चाडबाडमा मात्र मासु खानेले अन्य समयमा गेडागुडी, दाल, दूध, पनिर आदि खाएर प्रोटिनको परिपूर्ति गर्नुपर्दछ ।

### मासुको भण्डारण कसरी गर्ने ?

ताजा मासु खाने नेपाली संस्कारलाई राम्रो मान्नुपर्दछ, माछा मासु चाँडो बिग्रने पदार्थ भएकाले लामो समयसम्म सुरक्षित राख्न मात्र डिपफ्रिजमा राख्नु पर्दछ । माछा मासुलाई फ्रिजमा राख्दा भाँडाको मुख प्लाष्टिक फवाइल वा सिल्भर फवाइलले बन्द गर्दा फ्रिजमा राखेका अन्य खाद्य पदार्थहरुमा मासुको गन्ध आउँदैन । मासु फ्रिजमा राख्दा ताजा काँचो मासुलाई वरफ जम्ने कोष्ठमा मात्र राख्नुपर्दछ । एउटै ठूलो ढिक्का मासु राख्नुको सट्टा काटकुट गरेरै ससाना पोको बनाइराख्दा निकाल्न सजिलो र पकाउन पनि छिटो हुन्छ । एक पटक उमालेको मासु टम्म बन्द नगरी हावा खेल्ने ठाँ दिएर बढीमा तीन दिनसम्म फ्रिजको सामान्य खानेकुरा राख्ने कोष्ठमा पनि राख्न सकिन्छ । फ्रिजमा हिउँको ढिक्का जस्तो भएको, विशेषगरी कुखुराको मासुलाई कम्तीमा गर्मीमा दुई घण्टा र जाडोमा छ घण्टा कोठाको तापमानमा राखेपछि मात्र पकाउनुपर्दछ । गर्मीयाममा झोल हालेर पकाएको मासु दुई घण्टाभन्दा बढी समय कोठाको तापमानमा राख्नु हुँदैन । पकाएको मासु फ्रिजमा राख्दा चाहिँ सेलाएपछि प्लाष्टिक वा ढक्कनले छोपेर राख्नु पर्दछ । तातातातै मासु खाँदा त्यसको गन्ध काँचो अण्डा वा वाफ सोस्ने अरु खाने कुराभित्र प्रवेश गर्न र ह्वास्स गन्हाउन सक्छ ।

### मासुको गुणस्तर कसरी कायम राख्ने ?

उपभोक्ताको घर, भान्छा र पकाउने भाँडामा आइपुगेञ्जेलसम्म पशुपक्षीको मासुको अवस्था कस्तो हुन्छ भन्नेमा ठूलो अन्योल छ मासु बजारमा । सामान्य उपभोक्ताले पशु स्वस्थ भए नभएको छुट्याउन सक्दैनन् । धेरैले मासु काटेको र ढुवानी गरेको पनि देख्दैनन् । त्यसैले बिक्री गर्ने ठाउँको सरसफाइका अवस्था र मासुको रुपरङ हेरेर मात्रै राम्रो नराम्रो भन्ने निर्णय गर्छन् । कुनै वैज्ञानिक जाँच वा परीक्षणभन्दा विश्वास नै हो नेपालमा बेचिने मासुको गुणस्तर मापनको आधार ।

उपभोक्तासम्म स्वस्थ र स्वच्छ मासु पुऱ्याउने दायित्व राज्यको हो । सरकारले जीवित पशुको स्वास्थ्य सुनिश्चित गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन र मासुको गुणस्तर सुनिश्चित गर्न पशु वधशाला तथा मासु जाँच ऐन र तत्सम्बन्धी नियमहरु बनाएको छ तर व्यवहारमा त्यति कार्यान्वयन भएका छैनन् । मासु बिक्री वितरणमा संलग्न अधिकांश निरक्षर छन् । यसले ऐन नियमहरु बुझेका छैनन् र सरकारले पनि बुझाउन सकेको छैन । तैपनि मासु व्यवसायी समितिद्वारा सरसफाईप्रति सचेत भई मासु बिक्री गर्ने ठाउँबाट पशुको मलमुत्र, रौं, हड्डी हटाउनुपर्ने, शिशा वा जालीको बाकसभित्र अन्य किटाणुले भेट्न नसक्ने गरी राखेर बेच्नुपर्ने, बिक्रेताले सफा एप्रोन लगाउनुपर्ने र बन्द बाकसमा राखेर वा सफा कपडाले छोपेर मासु ढुवानी गर्नुपर्ने चारबुँदे शर्त छन् ।

बजारबाट मासु किन्दा चाहिँ सधैँ सफा र विश्वासिलो मासु पसलबाट किन्ने गर्नु पर्दछ । राँगा, खसी प्रायः बिहान काटिने हुनाले मासु सधैँ बिहान किन्नु राम्रो हुन्छ । ताजा, दागहरु नभएको, बोसो नगलेको, गन्ध नआउने र नली हाडको भित्री भाग रातो भएको मासु छानेर किन्नुपर्दछ । कुखुराको मासुमा छाला नरम र भिजेको तथा माछाको गिलहरु रातो र कत्ला चहकिलो भएको, आँखा नगढेको हुनु पर्दछ ।

### के के हुन् मासु खादा सर्न सक्ने रोगहरु ?

एक व्यक्तिलाई स्वस्थ रहन वर्षको १८ किलो मासु वा सो सरहको प्रोटिन आवश्यक पर्दछ, जसले स्वस्थ रहनको लागि प्रोटिनको प्रमुख स्रोत मासुको उपभोग आवश्यक देखाउँछ । तर उपभोग गर्ने मासु अस्वस्थ भइदिनाले एक सय ६० प्रकारका रोगहरुले आक्रमण गर्न सक्छन् । यसमा टिनिया सोलिइम किरा, सुँगुर र बङ्गुरबाट मष्तिस्कमा पुगी छारे रोग, भोजन नलीको क्यान्सरलगायत पर्दछन् । मासु दूषित हुनाको प्रमुख कारण रोगी पशुपक्षी र सरसफाइमा कमी नै हो । त्यसैले स्वस्थ मासुका लागि स्वस्थ पशुपक्षीको बध र सफा वातावरणमा काटकुट, ओसारपसार र बिक्रीवितरण अनिवार्य शर्त हो । पशुपक्षीको मासु खान हुने वा नहुने भनी वध अगाडि तथा पछाडि मासु वा पशुपक्षीको राम्रोसँग निगरानी गरिनु पर्दछ ।

मासु मानिसका लागि जस्तै विभिन्न किसिमका रोगका जिवाणुका लागि पनि स्वादिलो र पोसिलो खानेकुरा हुने भएकाले उनीहरुको वृद्धि र विकास पनि राम्रोसँग हुन्छ । यसले गर्दा रोग सार्ने माध्यम पनि बन्न सक्छ । पटके, फित्ते जुका, खाद्य विषाक्त केही उदाहरण हुन् । मासु खाँदा सर्नसक्ने रोगहरुमा फित्ते कीराहरु-टिनिया सोलियस, टिनिया साजीनाटा, ट्राकिनेल्ला स्पाइरलिस र फ्यासकीओला हेपाटीका ब्याक्टेरियल सङ्क्रमणमा एन्थ्राकस, एकटिनोमाइकोसिस, क्षयरोग (टिबी) र खाद्य विषाक्तता पर्दछन् । ससेज, सलामी, क्यान वा बट्टामा बन्द 'टुना फिस' जस्तो प्याकिङ गरेको मासुमा स्वास्थ्यलाई हानी गर्ने 'प्रिजरभेटिभ' राखिने भएकोले ताजा मासु प्रयोग गर्नु नै राम्रो हुन्छ । साथै, कचिलाजस्तो काँचो मासुभन्दा ठिक्कको आगोमा पकाएको मासु राम्रो हुन्छ र कडा आगोमा पकाउँदा मासु खुम्ची ज्यादै कडा बन्छ र पचाउन गाह्रो हुन्छ । त्यसैगरी ज्यादै कडा तापमा तारेको, ओभनमा पकाएको, सेकेको र भुटेको मासु कडा हुने भएकाले पचाउन धेरै गाह्रो बन्ने भएकाले प्रेसर कुकरमा पकाएको अलि झोलिलो मासु स्वास्थ्यका लागि राम्रो हुन्छ ।

चिनी तथा मिठाइ खान नमिल्ने, मीठो मसिनो खान एकपटक सोंच्न पर्ने मधुमेहका रोगीले एक दुई टुक्रा मासु खान सक्छन् । रोगीले एउटै समयमा औषधि तथा खानाको मात्रा, समय फरकको तालमेल चाडबाडमा नमिल्दा सामान्य असन्तुलनले पनि खतरनाक सावित हुन सक्छ । मधुमेहका रोगीलाई मुटुको रोगको खतरा बढी हुने भएकाले खसीको भन्दा कुखुराको मासु खानु राम्रो हुन्छ, हल्का पेय पदार्थ पिउन सक्छन् तर धुम्रपान, मद्यपान गर्नु हुँदैन । रगतमा युरिक एसीड बढेर भएको एक किसिमको जोर्नीको पीडा हो बाथ । पुरुषमा बढी देखिने बाथ रोगमा सामान्यतया प्युरीनमुक्त खानेकुरा पूर्ण रुपले खान मिल्दछ । त्यसैले रोगीले मासु खान मिल्दैन । यस्ता रोगीले चाडबाडमा हरिया सागपात, केरा, कोक तथा कफी लिन सक्छन्, दूध खान सक्छन् ।

मोटो शरीर, रगतमा कोलेष्ट्रोल बढी, उच्च रक्तचाप तथा मुटुका रोगीका लागि मासु अनुकूल हुँदैन । यस्ता मानिसहरुले मासु खानै नहुने होइन, तर बढी बोसोयुक्त रातो मासु खानु हुँदैन । स्वास्थ्यका दृष्टिले हेर्ने हो भने राँगा, खसी, बंगुर आदिको रातो मासुभन्दा कुखुरा, माछा आदिको सेतो मासु राम्रो हुन्छ किन भने कोलेष्ट्रोलको मात्रा सेतो मासुमा कम हुन्छ । माछाका परिकार खानाले शरीरको तौल घट्नुको साथै कोलेष्ट्रोलको मात्रा घटाउन सहयोग मिल्छ । कुखुराको मासुमा क्याल्सीयम तथा पोटासियम बढी पाइने भएकाले यो अन्य मासुभन्दा राम्रो मानिन्छ । धेरै चिल्लो तथा मसला हालेको मासुले अपच गराउने तथा मुखमा अमिलो पानी आउने, डकार आउने, पेट पोल्ने समस्या ल्याउँदछ । त्यसैले धेरै चिल्लो हालेर भुटेको, पिरो मसलादार मासुभन्दा सामान्य चिल्लो भएको तथा राम्रोसँग पकाएको मासु नै स्वस्थकर हुन्छ । काँचो मासुले विभिन्न किसिमका जुका तथा रोगका जीवाणुहरु सार्ने सम्भावना हुन्छ । त्यसैले मासुका परिकारहरु राम्रोसँग पकाउनु पर्दछ । मासु मात्र खाँदा कब्जियत हुनसक्ने भएकाले मासुसँग फलफूल तथा सलाद पनि सेवन गर्नुपर्दछ ।

अन्तमा, मानसिक उल्लास र सामाजिक सु-सम्बन्धका साथ मनाइने चाडपर्वको श्रृत लामा खानपिनमा गुलियो, अमिलो, पिरो, नुनीलो र चिल्लोको मात्रा बढी भएको आहार, विहार र निद्रामा असन्तुलन हुन गई स्वास्थ्यमा गडबड भएको प्रायः देखिन्छ । प्रशस्त रक्सी नभए, मनग्गे खान नपाए, धूमपानको फूर्तिफार्ती र बासीत्यासी अचार नभए तथा नाचगान, देउसीभैंलो, गफगाफ र जुवा तास नखेले चाड मानेजस्तो नहुने सोचाइ पनि धेरैमा पाइन्छ । खानपानको असंयम, अनिद्रा आदिले नियमित गर्ने गरेको शारीरिक श्रम, व्यायाम पनि कम हुन्छ । यसले गर्दा अपच, अमिलो, झुसिलो डकार, वायुले पेट ढुस्स आउने, फुल्ने, आउँ, पखाला, रिँगटा लाग्ने, आँखा पोल्ने बिझाउने, रातो हुने, बान्ता हुने, खानामा अरुचि हुने, चिडचिडाहट, ज्वरो, हैजा, कमलपित्त, ग्याष्ट्रिक, आमाशय र आन्द्राको घाउ (अल्सर), उच्च रक्तचाप, मुटुसम्बन्धी, मिर्गौलासम्बन्धी, कलेजोसम्बन्धी, मधुमेह इत्यादिको खतरा बढ्ने हुन्छ । त्यसैले चाडपर्व, भोजभतेर आदिमा स्वास्थ्यमा बढी ध्यान दिनु आवश्यक छ । (लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ)रासस

# सैनिक मञ्च टुँडिखेलमा फूलपाती बढाइँ



काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सैनिक मञ्च टुँडिखेलमा सोमबार अपराह्न 'फूलपाती बढाइँ समारोह-२०८२' सम्पन्न गरिएको छ। समारोहमा नेपाली सेनाका परमाधिपति राष्ट्रपति पौडेलको सम्मानमा नेपाली सेनाले सलामी अर्पण गरेको थियो।

उक्त समारोहमा सेनाको टोलीले शत्त घोषसहित राइफलबाट लहरे र एकट्ठा तथा तोपबाट पनि बढाइँ गरेको थियो। समारोहमा सैनिक परेड प्रदर्शन, दुर्गा नाचका साथै सेनाको हेलिकप्टर र ड्रोनबाट 'फूलपाती बढाइँ समारोह-२०८२' ब्यानर प्रदर्शन र पुष्पवृष्टि गरिएको थियो। सो अवसरमा दुर्गा बन्दना प्रस्तुत गरिएको थियो।

फूलपाती बढाइँ धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिने विशिष्ट मौलिक कार्यक्रम मानिन्छ। नेपाली सेनाले सैनिक मञ्चमा हर्षोल्लासपूर्वक फूलपाती बढाइँ गर्ने प्रचलन छ। गोरखाबाट ल्याइएको जमरा र फूलपाती हनुमानढोका दसैँघरमा साइत जुराएर भित्र्याएसँगै टुँडिखेलमा फूलपाती बढाइँ गर्ने परम्परा छ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रिगणलगायत विशिष्ट व्यक्तित्व, कूटनीतिक नियोगको प्रमुख तथा प्रतिनिधि सहभागी थिए।

> समारोहमा सैनिक परेड प्रदर्शन, दुर्गा नाचका साथै सेनाको हेलिकप्टर र ड्रोनबाट "फूलपाती बढाइँ समारोह-२०८२" ब्यानर प्रदर्शन र पुष्पवृष्टि गरिएको थियो।

बडादसैँको सप्तमी अर्थात् फूलपातीका दिन सेनाले हरेक वर्ष सैनिक मञ्च टुँडिखेलमा भव्य समारोहका बीच फूलपाती बढाइँ गर्दै आएको छ। सैनिक मञ्चको बढाइँ हेर्न टुँडिखेल वरपर नागरिकहरूको बाक्लो उपस्थिति थियो। नेपाल टेलिभिजनलगायत सञ्चारमाध्यमले फूलपाती बढाइँको प्रत्यक्ष प्रसारण गरेका थिए।रासस

# प्रदेश सरकारको १५ वर्षे रणनीतिक योजना कार्यान्वयनमा

काठमाण्डु। बागमती प्रदेश सरकारले प्रदेशलाई मुलुककै प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न १५ वर्षे मुख्य रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ।

बागमती प्रदेशको तीव्र आर्थिक वृद्धि र रोजगारी सिर्जनाको प्रमुख क्षेत्रका रुपमा पर्यटन उद्योगलाई स्थापित गर्दै दीर्घकालीन समृद्धि हासिल गर्ने उद्देश्यका साथ बागमती प्रदेश, संस्कृति तथा पर्यटन मन्त्रालयले सो रणनीतिक योजना अघि बढाएको हो।

उक्त रणनीतिक योजना तीन चरणमा पूरा गर्ने लक्ष्य राखिएको छ। रणनीतिक योजना कार्यान्वयनको प्रथम चरण (२०२५-२०३०) आधारभूत पर्यटन पूर्वाधार र डिजिटल प्रवर्द्धनमा केन्द्रित रहनेछ। दोस्रो चरण (२०३०-२०२५) मा पर्यटकीय उपजहरुको विविधीकरण गर्दै विस्तारित बजारको पहुँच अभिवृद्धि तथा तेस्रो चरण (२०३५-२०४०) मा प्रदेशको पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धात्मक क्षमता विस्तार गरी अग्रणी भूमिकामा पुऱ्याइनेछ।

प्रदेशभित्रका प्रमुख पर्यटकीय सम्पदा र अवसरको पहिचान र प्रवर्द्धन, दिगो र समावेशी पर्यटनको विकास तथा आर्थिक, सांस्कृतिक र वातावरणीय लाभको प्रवर्द्धन गर्ने उद्देश्यका साथ पन्ध्रवर्षे (सन् २०२५-२०३०) रणनीतिक योजना अघि बढाइएको मन्त्रालयले जनाएको छ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठ रणनीतिक योजनाको कार्यान्वयनबाट बागमतीलाई एक अग्रणी पर्यटकीय 'ब्राण्ड'का रुपमा प्रस्तुत तथा पर्यटन पूर्वाधारको विकासका साथै बजारीकरणमा प्रदेश पर्यटन क्षेत्रको सशक्त उपस्थिति हुने विश्वास व्यक्त गर्नुहुन्छ।

योजनाको सफल कार्यान्वयनबाट उचित प्रतिफल लिनका लागि चालु आर्थिक वर्षका लागि मन्त्रालयले चालुतर्फ रु ४६ करोड ६५ लाख र पूँजीगततर्फ रु तीन अर्ब २१ करोड पाँच लाख गरी रु तीन अर्ब ६७ करोड ७० लाख बजेट विनियोजन गरेको छ। मन्त्रालयले पर्यटन विकास आयोजना, पर्यटन विकास आयोजना इकाई कार्यालय तथा चितवन र काठमाडौँमा रहेका पर्यटन कार्यालयमार्फत उक्त बजेट कार्यान्वयन गर्नेछ। रणनीतिक योजनाका आधारमा नै चालु आर्थिक वर्षका लागि मन्त्रालयका योजना र कार्यक्रम परिलक्षित रहेको मन्त्रालयले जनाएको छ।



आर्थिक उन्नतिको प्रमुख आधार पर्यटन नै भएको उल्लेख गर्दै बागमती प्रदेशका पर्यटनमन्त्री श्रेष्ठ लक्षित उद्देश्य हासिल गर्न निजी क्षेत्रसँग हातेमालो गर्दै प्रदेश सरकार अघि बढ्ने बताउनुहुन्छ। "पर्यटन व्यवसायीसँग सहकार्य गर्न बागमती सरकार पूर्ण तयार छ, व्यवसायीलाई परेका अप्ठयारा समाधान गर्न सरकार प्रतिबद्ध छ", उहाँ भन्नुहुन्छ, "सरकार र निजी क्षेत्रले नेपालको पर्यटकीय क्षेत्र सुरक्षित छ भन्ने सन्देश विश्वमाझ पुऱ्याउनुपर्नेछ।"

रणनीतिक योजना कार्यान्वयनका क्रममा चालु आर्थिक वर्षमा मूर्त तथा अमूर्त सम्पदा र आरोग्य पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन, थप हिमशृत्त लाको पहिचान तथा आरोहणका लागि रुट अन्वेषण, एक निर्वाचन क्षेत्र एक पर्यटकीय क्षेत्रको अध्ययन गरिने मन्त्रालयका सचिव दिपेन्द्र सुवेदीले जानकारी दिनुभयो।

यस्तै कला, संस्कृति तथा सम्पदा संरक्षण, पर्यटन पूर्वाधार निर्माण तथा स्थानीय तहमा हस्तान्तरण, पर्यटकीय गन्तव्य पहिचान तथा प्रवर्द्धन एवं साहसिक पर्यटन महोत्सवको आयोजनाका साथै सिन्धुपाल्चोकमा 'ऱ्याफ्टिङ स्कूल' सञ्चालनमा ल्याइनेछ।

'बागमती पर्यटन डिजिटल अभियान'अन्तर्गत विश्वविख्यात 'भ्लगर' तथा सामाजिक सञ्जालबाट जनमत सिर्जना गर्न सक्ने 'सेलिब्रेटी'मार्फत प्रदेशका प्रर्यटकीय क्षेत्रको प्रचारप्रसार गरिनेछ। होमस्टे सञ्चालकको क्षमता विकास, पर्यटन गाइड तथा साहसिक पर्यटन प्रवर्द्धकका लागि क्षमता विकास एवं सरोकारवालासँग छलफल र अभिमुखीकरण गरिनेछ।

रणनीतिक योजनाले प्रदेशभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाको संरक्षण, प्रचारप्रसार र प्रवर्द्धन गर्ने लक्ष्य लिएको मन्त्रालयका सचिव सुवेदी बताउनुहुन्छ।

बागमती प्रदेशमा प्राकृतिक (चितवन र लाङटाङ राष्ट्रिय निकुञ्ज), सांस्कृतिक र धार्मिक (काठमाडौँ उपत्यका), आध्यात्मिक (पुशपति र गोसाइँकुण्ड) र साहसिक (पदयात्रा र ऱ्याफ्टिङ) पर्यटकीय क्षेत्र छन्।रासस

## निर्धारित मितिमा निर्वाचन गराउन सरकार प्रतिबद्ध छः प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीले निर्धारित मितिमा निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

बडा दसैंका पावन अवसरमा सोमबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले युवापुस्ताको अभूतपूर्व आन्दोलनको जगमा गठन भएको वर्तमान सरकार तोकिएको मितिमा प्रतिनिधिसभाको निर्वाचन गराउन प्रतिबद्धता जनाउनुभएको हो। साथै उहाँले देशमा सुशासन कायम गर्न आफू कटिबद्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री कार्कीले स्वदेश तथा विदेशमा रहनु भएका



सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरू र यो पर्व मनाउनुहुने संसारभर छरिएर रहनुभएका नेपाली भाषीहरूमा सुखशान्तिको कामना गर्नुभएको छ।

यसैबीच, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रधानमन्त्री कार्कीले यो वर्ष टीका नलगाउने तथा सर्वसाधारणलाई पनि टीका लगाइदिने कार्यक्रम नरहेको जनाएको छ।रासस

# दसैं नेपाली समाजमा मेलमिलाप र पुनर्मिलनको पर्वः सभामुख घिमिरे

काठमाण्डु। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले दसैं नेपाली समाजमा मेलमिलाप र पुनर्मिलनको पर्वका रूपमा स्थापित भएको बताउनुभएको छ।

बडा दसैं, २०८२ को शुभकामना दिनुहुँदै उहाँले सत्यको विजय, असत्यको पराजय, मेलमिलाप र पुनर्मिलनको प्रतीकको रुपमा रहेको यस पर्वले सबैमा नयाँ उमंग, उत्साह र सद्भावको भाव जागृत गरोस् भनि कामना पनि गर्नु भएको छ।

दसैंलाई शक्ति, सत्य र सदाचारको विजयको प्रतीकका रूपमा लिइन्छ। यस पर्वमा दश दिनसम्म दुर्गा भवानीको आराधना गर्ने प्रचलन छ। घटस्थापनादेखि सुरु हुने यो पर्व नवदुर्गा माताको पूजाआजासहित सम्पन्न हुन्छ। विजयादशमीको दिन देवी दुर्गाले दानवीय शक्तिमाथि विजय प्राप्त गरेको तथा रामले रावणमाथि जित हासिल गरेको धार्मिक आस्था रहिआएको छ।

त्यसैले यो पर्वले असत्यमाथि सत्य, अन्यायमाथि न्याय र असुरी शक्तिमाथि दिव्य शक्तिको विजयको सन्देश दिने उहाँको भनाइ छ। टाढाटाढा रहेका परिवारजन एकैठाउँमा भेला भई टीका, जमरा र आशीर्वाद आदानप्रदान गर्ने परम्पराले पारिवारिक सम्बन्धलाई अझ सुदृढ बनाउँछ। साथै, दसैंले विभिन्न जातजाति, भाषा र भौगोलिक क्षेत्रका नेपालीहरूलाई साझा संस्कारले एकतामा बाँध्ने कार्य गर्दै आएको छ।



सभामुख घिमिरेले दसैंको पूर्वसन्ध्यामा नेपाली नवयुवाहरूको विद्रोहका कारण देखिएको अशान्तिलाई शान्तिमा रुपान्तरण गर्न हामी सबैलाई प्रेरणा प्राप्त हुने विश्वास लिनुभएको छ।

विद्रोहका क्रममा जीवन गुमाउनुभएका नागरिकहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उहाँले नष्ट भएका संरचना र क्षतिग्रस्त भएका निजी लगानीहरूको पुनर्निर्माणमा राज्य र समाज दुवैको साझा भूमिका रहने विश्वास पनि लिनु भएको छ।

"युवापुस्ताले उठाएका प्रश्नहरू सुशासन र पारदर्शितामाथि केन्द्रित छन्। हाम्रो संविधान संशोधनीय दस्तावेज भएकोले ती मागहरूको सम्बोधन विधिको शासन र संविधानकै मार्गबाट सम्भव छ। लोकतान्त्रिक अभ्यास र संसदीय सर्वोच्चताको बाटोबाट मात्र दिगो समाधान खोज्न सकिन्छ। यही बाटोले मुलुकलाई अँध्यारो सुरूङबाट उज्यालोतर्फ लैजानेछ भन्नेमा म दृढ छु", सन्देशमा भनिएको छ।रासस

# सभापति देउवाद्वारा बडादसैँको शुभकामना



काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले विषम् परिस्थितिमा दुर्गा भवानीले सबैलाई आत्मबल र दृढशक्ति प्रदान गरुन् भन्ने शुभकामना व्यक्त गर्नुभएको छ।

बडादसैँ २०८२ को उपलक्ष्यमा सोमबार शुभकामना सन्देश जारी गर्नुहुँदै उहाँले संविधान मुलुकको सर्वोच्च कानुन भएकाले संविधानभित्रबाटै अहिलेको समस्याको समाधान खोज्न आग्रह समेत गर्नुभयो।

सन्देशमा भनिएको छ, "नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक राष्ट्र हो, हामीमा निहीत बन्धुत्व भावले यी विविधताबीचमा पनि अनुपम एकता कायम गरेको छ, विविधता बीचको एकता नेपालीको विशेषता र पहिचान पनि हो, हरेक बडादसैँले समुदाय, संस्था, परिवार र व्यक्ति,व्यक्तिबीचको एकतालाई अझ सुदृढ बनाउँदै आएको छ।"

उहाँले गत भदौ २३ र २४ गते 'जेनजी' पुस्ताको प्रदर्शनका क्रममा युवा र सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले अमूल्य जीवन गुमाएको दुःखद् क्षणमा ती वीर सपुतहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूका शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

सभापति देउवाले भदौ २४ गतेको प्रदर्शनका क्रममा हिंसात्मक गतिविधिमा संलग्न आपाराधिक समूहद्वारा राष्ट्रपति भवन, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राजनीतिक दलका कार्यालयलगायत अन्य सरकारी कार्यालय, व्यावसायिक प्रतिष्ठान, राजनीतिक दलका नेताहरूको निजी घर–डेरा र सर्वसाधारण व्यक्तिका निजी सम्पत्तिसँगै सबै निजी तथा सार्वजनिक संरचनाको तोडफोड, आगजनी र लुटपाटबाट खबौँको क्षति भएको र यो नेपालको इतिहासमा अत्यन्त अल्कपनीय र दुःखद घटना भएको सन्देशमा उल्लेख गर्नुभएको छ।

संविधान मुलुकको सर्वोच्च कानुन भएकोले कुनै पनि विशेष परिस्थितिमा उत्पन्न राजनीतिक जटिलताको समाधान पनि संविधानले नै दिनुपर्ने सभापति देउवाले सन्देशमा स्पष्ट पार्नुभएको छ। उहाँले सात दशक लामो नेपाली जनताको त्याग, तपस्या, बलिदान, इच्छा र आकांक्षा बमोजिम नेपाली जनताबाट निर्वाचित जनप्रतिनिधिमार्फत बनेको यो ऐतिहासिक संविधानबाटै मुलुकका सबै जटिलताको समाधान, मुलुकमा स्थिरता र प्रगति सुनिश्चित भएको बताउनुभयो।

सन्देशमा भनिएको छ ,"नेपालको विकास र समृद्धिसँगै एकता र शान्तिको मार्गमा हामी सबैको योगदान अनिवार्य छ, यो विषम परिस्थितिमा दुर्गा भवानीले हामी सबैलाई आत्मबल र दृढशक्ति प्रदान गरून् भन्ने कामना गर्दछु।" उहाँले दसैं अन्यायमाथि न्यायको तथा असत्यमाथि सत्यको विजयको शाश्वत सन्देश दिने पर्व भएकाले नेपाली समाजले हरेक वर्ष पारिवारिक स्नेह, सामाजिक सद्भाव, आपसी सहयोग र पारस्परिक एकताको रूपमा मनाउँदै आएको बताउनुभयो।

सभापति देउवाले बडादसैँ २०८२ को अवसरमा नेपाली कांग्रेस र आफ्नो व्यक्तिगत तर्फबाट स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको छ।रासस

# राष्ट्रपतिद्वारा बडादसैँको शुभकामना

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले तोकिएको निर्वाचन समयमै सम्पन्न गरी जनप्रतिनिधिमूलक संसद् र सरकारको निरन्तरताका लागि सबैलाई संयमित भई आवश्यक सहयोग र सहकार्य गर्न अपिल गर्नुभएको छ। उहाँले भन्नुभयो, "मुलुकमा उत्पन्न भएको विषय तथा असाधारण परिस्थिति एवम् मानवीय क्षति तथा सरकारी, संस्थागत र निजी क्षेत्रमा भएको भौतिक तथा अन्य क्षतिलाई उपयुक्त व्यवस्थापन गर्नुपर्छ।"

हिन्दू धर्मावलम्बीहरूको महान्चाड बडा दसैँ, २०८२ को पावन अवसरमा आज यहाँ शुभकामना सन्देश जारी गर्नुहुँदै राष्ट्रपति पौडेलले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, आरोग्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दै सो अपिल गर्नुभएको हो।



शक्ति, भक्ति भाव र श्रद्धाको पर्वको रूपमा हिन्दूहरूले मनाउने बडादसैँ आश्विन महिनाको शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी सोही दिनदेखि नवमीसम्म नवदुर्गा भवानीको पूजाअर्चना गर्ने गरिन्छ। विजया दशमीका दिन दुर्गा भवानीको प्रसादको स्वरूप मान्यजनहरूको हातबाट टीका, जमरा र आशिर्वाद ग्रहण गरी पूर्णिमासम्म विशेष रुपमा बडादसैँ मनाउने गरिन्छ।

विजया दशमीको दिन दुर्गा भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको धार्मिक तथा ऐतिहासिक कथन छन्। राष्ट्रपति पौडेलले सन्देशमा भन्नुभएको छ, "दसैँको उपलक्ष्यमा पारिवारिक जमघट एवम् पुनर्मिलन भई खुसीयाली र हार्दिकता साटासाट गरी मनाउने प्रचलन रहिआएको छ। दसैँलाई असत्यमाथि सत्यको विजयको पर्वको रूपमा पनि लिइन्छ। यस पर्वले सबै नेपालीलाई आ-आफ्नो क्षेत्रबाट न्याय र समानतासहितको आर्थिक समृद्धि, सामाजिक एकता, आपसी सद्भाव र भ्रातृत्व अभिवृद्धिमा टेवा पुऱ्याउने विश्वास मैले लिएको छु।"

सन्देशमा उहाँले बडादसैँमा मान्यजनप्रति श्रद्धा र सम्मान स्वतःस्फूर्त अभिव्यक्त हुने प्रचलनले पनि यसको महत्व बढाएको छ। यस पर्वले पारिवारिक मिलन, सामाजिक मेलमिलाप, क्षमा, सद्भाव र भाइचारा मजबुद् बनाउँदै मुलुकमा रहेको भौगोलिक, सांस्कृतिक र भाषिक विविधताबीचको सामाजिक एकतालाई थप सुदृढ गर्नुका साथै सांस्कृतिक एकता र पहिचानलाई अक्षुण राख्न महत्वपूर्ण योगदान पुऱ्याइ रहेको देखिन्छ भनिएको छ।

वर्तमान राजनीतिक परिस्थितिबाट शीघ्र उन्मुक्ति प्राप्त गरी समग्र राष्ट्रको कल्याणका लागि दुर्गा भवानीले शक्ति प्रदान गरून् भन्ने प्रार्थना गर्दै उहाँले मुलुकमा सुख, शान्ति, स्थायित्व, सुशासन र समृद्धिको कामना पनि गर्नुभएको छ।रासस

# समृद्ध नेपाल निर्माणको पक्षमा जुट्न दसैँले प्रेरणा दिने संयोजक दाहालको विश्वास

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान जटिलतालाई चिरेर सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माणका पक्षमा दशैँजस्ता सांस्कृतिक पर्वले प्रेरणा दिने विश्वास व्यक्त गर्नुभएको छ।

विजया दशमी २०८२ का अवसरमा सोमबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले यस पर्वले सबै नेपालीलाई राष्ट्रिय एकता, धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, पारिवारिक पुनर्मिलन, र शोकलाई शक्तिमा बदल्न सहयोग गर्ने बताउनुभएको छ। उहाँले दसैँलगायत पर्वलाई सामाजिक एकता र अग्रगमनका पक्षमा सङ्कल्पसहित मनाउन आह्वान गर्नुभएको छ।

जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्दै अधुरा रहेका अग्रगामी रूपान्तरणका मुद्दालाई सम्बोधन



गर्नैपर्ने जटिल राजनीतिक परिस्थितिमा सिङ्गो मुलुक उभिएको जनाउँदै संयोजक दाहालले प्रत्यक्ष निर्वाचित कार्यकारीलगायत संविधान निर्माणका क्रममा सम्बोधन हुन नसकेका विषयलाई समेट्नुपर्ने बेला आएको बताउनुभएको छ।

माओवादी पार्टीले 'जेनजी'का मागलाई समर्थन तथा पछिल्लो राजनीतिक अवस्थाले सिर्जना गरेको मनोविज्ञानलाई आत्मसात् गर्दै। रासस

# गाजा शान्ति योजनामा प्रधानमन्त्री नेतान्याहूलाई दबाब दिने राष्ट्रपति ट्रम्पको घोषणा

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार ह्वाइट हाउसमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई स्वागत गर्दै गाजा शान्ति योजनालाई अघि बढाउने उच्चस्तरीय वार्ता सुरु गर्ने घोषणा गर्नुभएको छ ।

गत हप्ता अरब नेताहरूसँगको छलफलपछि राष्ट्रपति ट्रम्पले गाजाको करिब दुई वर्ष लामो युद्ध अन्त्य गर्ने, हमासद्वारा बन्धक बनाइएकाहरूलाई मुक्त गर्ने तथा प्यालेस्टिनी लडाकू समूहलाई निशस्त्र पार्ने सम्झौता प्रभावकारी रूपमा अघि बढेको दाबी गर्नुभएको थियो ।

उहाँले आफ्नै ट्रुथ सोसल प्लेटफर्ममा लेख्दै उत्साहपूर्वक भन्नुभयो, "सबै पक्ष पहिलो पटक एउटै दिशामा छन् । हामी यसलाई पूरा गर्नेछौं ।"तर प्रधानमन्त्री नेतान्याहुले भने हालैका गतिविधिमा आशावाद कम देखाउनुभएको छ । उहाँले शुक्रबार संयुक्त राष्ट्र महासभामा सम्बोधन गर्दै हमासविरुद्ध 'अन्तिम लक्ष्य हासिल गर्ने' प्रतिबद्धता व्यक्त गर्नुभयो र प्रमुख पश्चिमी राष्ट्रहरूले मान्यता दिएको प्यालेस्टिनी राज्य निर्माणलाई रोकिने घोषणा गर्नुभयो ।

साथै, गाजा सहरमा जारी सैन्य आक्रमण रोकिने सङ्केत पनि उहाँबाट प्राप्त भएको छैन, जसका कारण लाखौं नागरिक विस्थापित भएका छन् ।सत्ता पुनःग्रहण गर्नुभएका राष्ट्रपति ट्रम्पको कार्यकालमा प्रधानमन्त्री नेतान्याहुको यो चौथो ह्वाइट हाउस भ्रमण हो । ट्रम्पले आफूले केही दिनमै द्वन्द्व समाधान गर्न सक्ने भन्दै कूटनीतिक पहललाई अगाडि बढाइरहनुभएको छ । यद्यपि, प्रायः नेतान्याहूका कट्टर समर्थक मानिने ट्रम्पले पछिल्ला दिनहरूमा असन्तुष्टि प्रकट गर्नुभएको छ ।

उहाँले नेतान्याहुलाई पश्चिम किनार विलय नगर्न चेतावनी दिनुभएको थियो र इजरायलद्वारा कतारमा रहेका हमास सदस्यमाथि गरिएको आक्रमणको पनि विरोध गर्नुभएको थियो ।मिडल इस्ट इन्स्टिच्युटका वरिष्ठ फेलो नातान स्याक्सका अनुसार नेतान्याहुको स्पष्ट प्राथमिकता युद्ध जारी राखेर हमासलाई पराजित गर्नु हो, तर राष्ट्रपति ट्रम्पले पर्याप्त दबाब र स्पष्ट रणनीति प्रयोग गर्नुभयो भने उहाँलाई अन्यथा बुझाउन असम्भव छैन ।

दुवै नेताले सोमबार दिउँसो अमेरिकी पूर्वी समय अनुसार १:१५ बजे (१७१५ जिएमटी) संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ ।गत हप्तासम्म राष्ट्रपति ट्रम्प संयुक्त राष्ट्र महासभाको साइडलाइनमा अरब र मुस्लिम बहुल मुलुकका नेताहरूसँगको छलफलपछि अझ बढी आशावादी देखिनुभएको थियो । अमेरिकी नेतृत्वमा तयार गरिएको २१-बुँदे प्रस्तावमा हमासको निशस्त्रीकरण, सबै बन्धकहरूको रिहाइ र युद्धविरामको व्यवस्था समावेश गरिएको बताइएको छ ।



केही मिडिया रिपोर्टहरूमा पूर्व बेलायती प्रधानमन्त्री टोनी ब्लेयरलाई 'गाजा अन्तर ाष्ट्रिय सङ्क्रमणकालीन प्राधिकरण' को सम्भावित नेतृत्वका लागि नामसमेत प्रस्ताव गरिएको छ । यस प्राधिकरणले संयुक्त राष्ट्र र खाडी मुलुकहरूको सहयोगमा प्रारम्भिक शासनको जिम्मा लिनेछ र पछि सुधारिएको प्यालेस्टिनी प्राधिकरणलाई जिम्मा हस्तान्तरण गर्ने योजना रहेको छ ।तर नेतान्याहुले आफ्नो संयुक्त राष्ट्र सम्बोधनमा गाजामा पुनः प्यालेस्टिनी प्राधिकरण (पिए) को भूमिका अस्वीकार गर्नुभयो । उहाँले आइतबार फक्स न्युजलाई दिनुभएको अन्तर्वार्तामा सुधारिएको पिएले इजरायलसँग स्थायी सहअस्तित्व कायम गर्ने सम्भावनामा गहिरो शङ्का व्यक्त गर्नुभयो ।

गाजाको युद्ध सन् २०२३ अक्टोबर ७ मा हमासको भीषण आक्रमणपछि सुरु भएको हो । उक्त दिन एक हजार २१९ व्यक्तिको मृत्यु भएको थियो, जसमा अधिकांश नागरिक थिए र यो इजरायलको इतिहासकै सबैभन्दा घातक दिन ठहरिएको छ । त्यसपछिको इजरायली आक्रमणले हालसम्म ६५ हजार ५४९ भन्दा बढी प्यालेस्टिनीको ज्यान लिएको छ, जसमा पनि अधिकांश नागरिक रहेको संयुक्त राष्ट्रसङ्घले विश्वसनीय ठानेको तथ्याङ्कले देखाएको छ ।

## एसिया कप विवाद :

# भारत-पाकिस्तानबीच आरोप-प्रत्यारोप




**एएफपी**

दुबई । एसिया कप-२०२५ को फाइनलमा भारतले पाकिस्तानलाई पाँच विकेटले पराजित गरी उपाधि जितेपछि दुवै देशका खेलाडीबीच आरोप-प्रत्यारोप चर्किएको छ ।

पाकिस्तानका कप्तान सलमान अघाले भारतको व्यवहारलाई 'क्रिकेटप्रति अनादर' भन्नुभएको छ भने भने भारतीय कप्तान सूर्यकुमार यादवले च्याम्पियन टोलीलाई 'ट्रफीबाट वञ्चित' गरिएको गुनासो सार्वजनिक गर्नुभएको छ ।आइतबार दुबईमा भएको उपाधि निर्णायक खेलपछि तेस्रो खेलमा जस्तै दुवै टोलीले हात मिलाउन अस्वीकार गरे । भारतीय टोलीले पाकिस्तान क्रिकेट बोर्डका अध्यक्ष तथा एसिसीका प्रमुख मोहसिन नकवीबाट ट्रफी लिन नमानेपछि र विजय समारोहमा समेत सहभागी नभएपछि स्थिति झनै बिग्रियो ।

पत्रकारहरूसँग कुरा गर्दै कप्तान सूर्यकुमारले भन्नुभयो, "मैले क्रिकेट खेल्न थालेदेखि आजसम्म कहिल्यै देखेको थिइनँ कि च्याम्पियन टोलीलाई ट्रफी दिनै नमानिएको होस् । हामीले मैदानमै बसेर सामूहिक निर्णय गरेका थियौं । वास्तविक ट्रफी त मेरा खेलाडी र सहयोगी स्टाफ हुन्, जुन ड्रेसिङ रुममै छन् । ठूलो पर्दामा 'भारत एसिया कप २०२५ को विजेता' भनेर देखिनु नै हाम्रो लागि ठूलो गौरव हो ।"

फाइनलपछि करिब एक घण्टा ढिलाइ गर्दै गरिएको समारोहमा उद्घोषक साइमन डुलले सार्वजनिक रूपमा भन्नुभयो, "भारतीय टोलीले पुरस्कार ग्रहण नगर्ने निर्णय गरेको एसिसीले मलाई जानकारी गराएको छ । यसैसँगै आजको प्रस्तुती समारोह समाप्त हुन्छ ।"यस घटनापछि पाकिस्तानका कप्तान सलमान अघा असन्तुष्ट देखिनुभयो । उहाँले भन्नुभयो, "प्रतियोगिताभर भारतले जे व्यवहार देखायो, त्यो क्रिकेटका लागि निकै निराशाजनक हो । यदि उनीहरूले हामीसँग हात नमिलाएर हाम्रो अनादर गरेको सोच्दा हुन् भने, वास्तवमा उनीहरूले खेलको नै अनादर गरेका हुन् । हामीले भने खेल 'स्पिरिट' अनुसार पदक लिएर फर्कियौं ।"

यस पटकको एसिया कप विशेष संवेदनशील मानिएको थियो, किनकि यसअघि मात्र आणविक-सशस्त्र दुवै छिमेकीबीच घातक झडप भएको थियो । प्रतियोगिताका अघिल्ला खेलमै राजनीतिक सङ्केतहरू र मैदानमै आक्रामक शैली देखिँदा तनाव बढेको थियो ।अघाले अन्त्यमा भन्नुभयो, "यो पहिलोपटक देखिएको घटना हो । यसरी चलिरह्यो भने भविष्यमा कहाँ पुग्छ भन्ने अनुमान गर्नै सकिँदैन । यो क्रिकेटका लागि राम्रो होइन ।"

# बेलायतमा आप्रवासी बसोबासका कडा नियम लागू गर्ने तयारी

**एएफपी**

लन्डन । बेलायत सरकारले अब स्थायी रूपमा बस्न चाहने आप्रवासीहरूका लागि कडा प्रावधान ल्याउने तयारी गरेको छ ।

नयाँ प्रस्तावित योजनाअनुसार आप्रवासीहरूले रोजगार लिनुपर्नेछ, सामाजिक सुरक्षा योगदान गर्नुपर्नेछ, आपराधिक अभिलेख स्वच्छ हुनुपर्नेछ, लाभ दाबी गर्न पाइनेछैन र स्थानीय समुदायमा स्वयंसेवकको रूपमा सेवा गर्नुपर्नेछ ।हालको प्रावधानअनुसार परिवारसहित पाँच वर्षसम्म बेलायतमा बसोबास गर्ने वा कानूनी रूपमा १० वर्षसम्म बस्ने आप्रवासीहरू ' अनिश्चितकालीन बिदा' (स्थायी निवास) पाउन योग्य हुनेछन् ।

स्थायी निवास पाउनेहरूले बस्ने, काम गर्ने, अध्ययन गर्ने, सामाजिक सुविधा पाउने तथा बेलायती नागरिकताका लागि आवेदन दिने अधिकार उपभोग गर्दै आएका छन् ।तर गृहमन्त्री शबाना महमुदले सोमबार सत्तारूढ लेबर पार्टीको वार्षिक सम्मेलनमा प्रस्तुत गर्ने नयाँ योजनाले यस प्रक्रियामा ठूलो परिवर्तन ल्याउनेछ । सरकारले वर्षको अन्त्यतिर यसबारे परामर्श प्रक्रिया अघि बढाउने तयारी गरेको छ ।



यो घोषणा विपक्षी कट्टर-दक्षिणपन्थी रिफर्म पार्टीले आप्रवासीलाई हरेक पाँच वर्षमा भिसा नवीकरण गर्नुपर्ने तथा ' अनिश्चितकालीन बिदा' हटाउने प्रस्ताव अघि सारेको केही समयपछि आएको हो । यसले पहिले नै बसोबास अनुमति पाइसकेका सयौं हजार आप्रवासीलाई समेत प्रभावित पार्नेछ ।लेबर पार्टीको विज्ञप्तिमा भनिएको छ, "यी उपायहरूले लेबर सरकार र रिफर्म पार्टीबीच स्पष्ट भिन्नता देखाउनेछ । रिफर्म पार्टीको प्रस्तावले दशकौंदेखि योगदान दिँदै आएका आप्रवासी कामदारलाई आफ्ना घर र परिवार छोड्न बाध्य पार्छ, तर हाम्रो योजनाले तिनीहरूलाई सुरक्षित राख्छ ।"

प्रधानमन्त्री किर स्टार्मरले आइतबार रिफर्म पार्टीको योजनालाई 'जातिवादी' भन्दै, यसले देशलाई विभाजित गर्ने चेतावनी दिनुभएको थियो । गृहमन्त्री महमुदले सम्मेलनमा आफ्नो पहिलो भाषणमा भन्नुभयो, "आप्रवासीहरूले उच्च स्तरमा अङ्ग्रेजी सिक्नुपर्नेछ । म कडा र उत्तरदायी गृहमन्त्री हुनेछु ।"

उहाँले पार्टीका सदस्यहरूलाई सचेत गराउँदै भन्नुभयो, "यदि हामीले आप्रवासन जस्तो संवेदनशील विषयलाई सही ढङ्गले सम्बोधन गर्न सकेनौं भने श्रमजीवी वर्ग हाम्रो पक्षबाट टाढा भई रिफर्म पार्टीका नेता निगेल फराजका भ्रामक वाचा-प्रतिज्ञामा आकर्षित हुनेछन् ।"यसैबीच अर्थमन्त्री रेचल रिभ्सले पनि सोमबारको सम्मेलनलाई सम्बोधन गर्दै बेलायतको नवीकरणमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्ने र युवालाई रोजगारीमा ल्याउने नयाँ योजना सार्वजनिक गर्ने लेबर पार्टीको तयारी रहेको बताउनुभयो ।

# मोटोपना भएका बालबालिकामा भविष्यका स्वास्थ्य जोखिम


**एएनआई/टिपिएस**

तेल अभिव । इजरायली वैज्ञानिकहरूले पत्ता लगाएको नयाँ अनुसन्धानले मोटोपना भएका बालबालिकामा भविष्यमा गम्भीर रोगहरू विकास हुने जोखिम शरीरको तौलसँग मात्र नभई कलेजोमा रहेको बोसोको मात्रासँग बढी सम्बन्धित हुने देखाएको छ ।

तेल अभिव विश्वविद्यालय र डाना ड्वेक चिल्ड्रेन हस्पिटलले सञ्चालन गरेको अध्ययनले मोटोपना भए पनि सबै बालबालिका अनिवार्य रूपमा बिरामी नहुने देखाएको छ । शोधकर्ताहरूले कलेजोमा सञ्चित बोसोको मात्रा नै ती बालबालिकामा मधुमेह, उच्च रक्तचाप, मुटु सम्बन्धी समस्या र दीर्घकालीन अवस्थामा लिभर सिरोसिसजस्ता रोगको भविष्यवाणी गर्ने प्रमुख कारक रहेको देखाएका छन् ।

अध्ययनका क्रममा मोटोपना भएका ३१ जना इजरायली बालबालिकाको परीक्षण गरिएको थियो । प्रारम्भिक रोगका लक्षण देखाएका बालबालिकाको कलेजोमा औसत १४ प्रतिशत बोसो पाइयो, जुन मेटाबोलिक रूपमा स्वस्थ रहेका मोटा बालबालिकाको (औसत छ प्रतिशत) भन्दा दोब्बर बढी थियो ।

अनुसन्धान टोलीका डाक्टरल विद्यार्थी रोन स्टर्नफेल्डका अनुसार यो अन्तर-अनुभागीय अध्ययन भएकाले कार्यकारण सम्बन्ध स्पष्ट प्रमाणित गर्न नसकिए पनि परिणाम



उल्लेखनीय छन् । उहाँका अनुसार, केही बालबालिकामा तौल बढी भए पनि उनीहरू मेटाबोलिक रूपमा स्वस्थ रहन सक्छन् ।

शोधकर्ताहरूले एमआरआई स्क्यानका क्रममा चुम्बकीय अनुनाद स्पेक्ट्रोस्कोपी (एमआरएस) प्रयोग गरेर कलेजोको बोसो प्रत्यक्ष र गैर-आक्रमणकारी रूपमा मापन गरेका थिए । यो प्रविधि बालबालिकामा प्रयोग गरिएको दुर्लभ अध्ययनमध्ये एक हो । साथै, प्रसवपूर्व चरणदेखि चिकित्सा परीक्षण र रेकर्डहरूको विस्तृत समीक्षा पनि गरिएको थियो ।

चाखलाग्दो कुरा, अन्य सामान्य रूपमा उद्धृत जोखिम कारकहरू–जस्तै आन्तरिक अङ्ग वरिपरिको भिसेरल बोसो–स्वस्थ र अस्वस्थ बालबालिकाबीच खासै फरक देखिएन । सबैभन्दा ठूला भिन्नता भने कलेजोमा रहेको बोसोमा मात्र पाइयो । विशेषज्ञहरूका अनुसार कलेजोमा ५.५ प्रतिशतभन्दा बढी बोसो भए टाइप २ मधुमेह, उच्च रक्तचाप, स्लीप एपनिया लगायतका रोगको जोखिम उच्च हुन्छ ।

अध्ययन प्रमुख प्राध्यापक यफ्ताच गेप्नरका अनुसार नतिजाले तौल भन्दा बढी आहारको गुणस्तरमा ध्यान दिनुपर्ने देखाउँछ । उहाँको भनाइमा, अस्वास्थ्यकर समूहका बालबालिकाले बढी सोडियम, प्रशोधित खाद्यपदार्थ र रातो मासुबाट स्याचुरेटेड फ्याट सेवन गर्ने गरेको पाइयो । यसैले, भूमध्यसागरीय शैलीको स्वस्थ आहारले कलेजोको बोसो घटाएर रोग जोखिम न्यून गर्न सक्ने देखिन्छ ।

अध्ययनले प्रसवपूर्व अवस्थाले पनि असर पुऱ्याउने देखाएको छ । अस्वस्थकर मोटोपना भएका बालबालिका, स्वस्थ समूहका तुलनामा उच्च जोखिम गर्भधारणपछि जन्मिने सम्भावना तीन गुणा बढी पाइयो । यसले प्रारम्भिक जीवनको अवस्था र भविष्यको स्वास्थ्यबीचको गहिरो सम्बन्धलाई प्रष्ट पार्छ ।

प्राध्यापक गेप्नरले भन्नुभयो, "हामीले मोटोपना भएका बालबालिकाहरू पनि स्वस्थ रहन सक्छन् भन्ने पत्ता लगायौं । यदि तौल घटाउन वा खानेकुरा नियन्त्रण गर्न गाह्रो भए पनि, पौष्टिक गुणस्तर सुधार गरी कलेजोको बोसो कम गरेर उनीहरूको स्वास्थ्य सुरक्षित गर्न सकिन्छ । कलेजो नै प्रमुख मेटाबोलिक अङ्ग भएकाले यसको नियमित अनुगमन रोकथाम औषधिको केन्द्र हुनुपर्छ ।"

यस अनुसन्धानले व्यावहारिक सन्देश पनि दिएको छ–प्रशोधित खाद्यपदार्थ, सोडियम र स्याचुरेटेड फ्याट कम गरी खानाको गुणस्तर सुधार्न सकिन्छ । गैर-आक्रमणकारी इमेजिङ प्रविधि प्रयोग गरेर प्रारम्भमै जोखिमयुक्त बालबालिकाको पहिचान गर्न सकिन्छ । साथै, पोषण परामर्श र शारीरिक गतिविधि सम्बन्धी मार्गदर्शनमार्फत मधुमेह, उच्च रक्तचाप र अन्य मोटोपना-सम्बन्धी रोगहरू रोकथाम गर्न सकिने सम्भावना उच्च छ ।

# अमेरिकाको मोर्मोन चर्चमा सशस्त्र आक्रमण, चार भक्तजनको मृत्यु

**एएफपी**

ग्रान्ड ब्लाङ्क । मिचिगनस्थित मोर्मोन चर्चमा आइतबार भएको सशस्त्र आक्रमणमा कम्तीमा चार जनाको मृत्यु र धेरै जना घाइते भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई 'राष्ट्रिय हिंसाको महामारी' को दुःखद उदाहरण भन्नुभएको छ ।

स्थानीय प्रहरीका अनुसार आक्रमणकारीले पहिले आफ्नै गाडी चर्च भवनमा ठोक्काए, त्यसपछि भवनमा आगो लगाउँदै आक्रमणकारी राइफलले अन्धाधुन्ध गोली चलाए । आपत्कालीन कल आएको आठ मिनेटमै प्रहरी पुगेको थियो र पार्किङ क्षेत्रमै आक्रमणकारीलाई मारेको ग्रान्ड ब्लाङ्कका प्रहरी प्रमुख विलियम रेनीले पत्रकार सम्मेलनमा बताउनुभयो ।

रेनीका अनुसार सुरुमा दुई मृतक पुष्टि भए पनि, पछि जलेको भग्नावशेषभित्र थप दुई शव भेटिएका छन् । खोज तथा उद्धार कार्य अझै जारी छ । उहाँले आठ जना घाइते भएको पुष्टि गर्नुभयो, जसमा एकजनाको अवस्था गम्भीर छ ।प्रहरीले आक्रमणकारीको पहिचान ४० वर्षीय थोमस ज्याकब सानफोर्डका रूपमा गरेको छ । अमेरिकी सञ्चारमाध्यमहरूले उनलाई सो क्षेत्रमै हुर्किएको र सैन्य सेवामा संलग्न भइसकेको व्यक्ति बताएका



छन् ।

आक्रमणपछि चर्च अफ जीसस क्राइस्ट अफ लेटर-डे सेन्ट्स (मोर्मोन चर्च)को अधिकांश भवन खरानी बनेको छ । तस्बिरहरूमा आक्रमणकारीले ट्रक भवनतर्फ चलाएको देखिन्छ, जसको पछाडि दुईवटा अमेरिकी झण्डा झुण्ड्याइएका थिए ।एफबिआईका विशेष एजेन्ट रुबेन कोलम्यानले पत्रकार सम्मेलनमा भन्नुभयो, "एफबिआईले अनुसन्धानको नेतृत्व गरिरहेको छ । यसलाई हामी लक्षित हिंसाको कार्यका रूपमा हेरेका छौं ।"

रेनीका अनुसार आक्रमणको समयमा चर्चभित्र सयौं मानिस उपस्थित थिए, जसले मृतकको सङ्ख्या अझ बढ्न सक्ने सङ्केत गरेको छ । राष्ट्रपति ट्रम्पले यस घटनालाई 'भयानक' भन्दै 'संयुक्त राज्य अमेरिकामा इसाईहरूमाथि भएको अर्को लक्षित आक्रमण' को संज्ञा दिनुभएको छ । उहाँले आफ्नो ट्रुथ सोसल पोस्टमार्फत लेख्नुभयो, "हाम्रो देशमा हिंसाको यो प्रकोप तुरुन्तै अन्त्य हुनुपर्छ !"

# राष्ट्रपति ट्रम्पलाई इजरायली बन्धक परिवारहरूको हार्दिक आग्रह

**एएफपी**

जेरुसेलम । गाजामा युद्ध अन्त्य गर्न तयार गरिएको प्रस्तावित सम्झौतालाई दृढतापूर्वक कायम राख्न इजरायली बन्धकका परिवारहरूले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आग्रह गरेका छन् । यो अपिल प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग ह्वाइट हाउसमा उहाँको भेट हुनु केही घण्टा अघि सार्वजनिक गरिएको हो ।




गाजामा बन्दी बनाइएका आफन्तहरूको पक्षमा आवाज उठाउने संस्था होस्टेज एन्ड मिसिङ फेमिलिज फोरमले खुला पत्रमार्फत ट्रम्पलाई सम्बोधन गर्दै लेखेको छः "तपाईंले अघि सारेको सम्झौतालाई तोडफोड गर्ने कुनै पनि प्रयासको विरुद्धमा दृढ रहन हामी आदरपूर्वक आग्रह गर्दछौं । जोखिम निकै ठूलो छ, हाम्रा परिवारले यो प्रगति विफल पार्ने कुनै पनि अवरोधका लागि धेरै लामो समय प्रतीक्षा गरेका छन् ।"

गत हप्ता संयुक्त राष्ट्र महासभाको साइडलाइनमा अरब र मुस्लिम नेताहरूसँगको छलफलपछि राष्ट्रपति ट्रम्पले प्रस्तुत गर्नुभएको २१-बुँदे योजनाले युद्धविराम सम्भावनालाई निकट बनाएको टिप्पणी गर्नुभएको थियो । यही सन्दर्भमा परिवारहरूले आफ्नो अपिललाई थप बलियो बनाएका हुन् ।

फोरमले अघिल्लो वर्षभरि प्रधानमन्त्री नेतान्याहुमाथि विभिन्न युद्धविराम प्रस्तावहरूलाई बारम्बार 'तोडफोड' गरेको आरोप लगाउँदै आफ्ना आफन्तहरूको रिहाइ अवरुद्ध गरेको दाबी गर्दै आएको छ । यसै महिनामा कतारमा हमास नेताहरूलाई लक्षित इजरायली आक्रमणपछि पनि फोरमले भनेको थियो, "हरेक पटक सम्झौता नजिकिँदा नेतान्याहुले त्यसलाई तोडफोड गर्नुहुन्छ ।"राष्ट्रपति ट्रम्पलाई पठाइएको पत्रमा भनिएको छः "तपाईंसँग मात्र यो सम्झौतालाई अन्तिम सीमामा पुऱ्याउने शक्ति छ । हामी तपाईंप्रति हाम्रो पक्षमा उभिनु भएकोमा हृदयदेखि आभारी छौं ।"

# धौलागिरि हिमाल आरोहण सुरु



म्याग्दी । यहाँस्थित विश्वको सातौँ (८,१६७ मिटर) अग्लो धौलागिरि हिमालमा चालु शरदयामको आरोहण सुरु भएको छ। धौलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा अवस्थित छ।

सभेन समिट ट्रेक्समार्फत आरोहणका लागि गएका तीन जना नेपाली शेर्पाको सहयोगमा स्पेन, चीन र फ्रान्सका एक/एक जनाले आइतबार धौलागिरिको सफल आरोहण गरेका हुन् ।

स्पेनका जर्ज इगोचेगा रोड्रिगेज, चीनका पिङ लु, फ्रान्सका क्याथरिन मार्सेल रोजा बरी, नेपालका पेमा नर्बु शेर्पा, तारमण तामाङ र पेम्बा टासी शेर्पाको टोलीले धौलागिरिको सफल आरोहण गरेका सेभन समिट ट्रेक्सका सञ्चालक मिङमा शेर्पाले जानकारी दिनुभयो ।

उहाँका अनुसार १४ शिखर अभियान र सात शिखर पदयात्राका शेर्पाहरुको संयुक्त टोलीले शुक्रबार धौलागिरिको चुचुरोसम्म बाटो खोलेका र शनिबार 'रोप फिक्सिङ' (डोरी टाँगेका) थिए ।

पर्यटन विभागका अनुसार शरदयाममा धौलागिरि आरोहणका लागि तीन वटा समूहका सात महिला र १७ पुरुषले अनुमति लिएका छन् । अनुमति लिएकाबाट रु ५० लाख ७१ हजार सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ ।

गत वसन्तयाममा दुई वटा समूहका १५ जनाले आरोहण अनुमति लिएवापत रु ३६ लाख ९१ हजार दुई सय ६० राजस्व सङ्कलन भएको थियो । २०२४ को शरदयाममा एक वटा समूहका १४ जना पुरुष पर्वतारोहीहरुले आरोहणको अनुमति लिएकामा रसियाका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो ।

छिनछिनमा परिवर्तन हुने मौसम धौलागिरि आरोहणको चुनौती हो । अन्य हिमालको तुलनामा धौलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा अष्ट्रियाका कुर्ट डिम्बर्गरको टोलीले पहिलो पटक धौलागिरि हिमालको सफल आरोहण गरेको थियो ।रासस

# राजमार्ग अवरोधः खसीबोकाको किनबेच यथावत

काठमाण्डु । लगातारको वर्षाका कारण पृथ्वीराजमार्गको मुग्लिन क्षेत्र र बिपी राजगमार्गसहित अन्य मार्गमा यातायात सहज नहुँदा गत वर्षको तुलनामा यो वर्ष खसीबोकाको भाउ केही बढी भए पनि किनबेचमा असर परेको छैन ।

मुलुकका धेरैतिर पहिरोका कारण बाटोको समस्या र यात्रुवाहक बसमा ढुवानी गर्न नपाइने व्यवस्थाका कारण बेग्लै ट्रकमा हालेर ल्याउँदा खसी बोकाको भाउ गत वर्षभन्दा केही बढेको व्यवसायीले बताएका छन् ।

यो वर्ष गत वर्षको तुलनामा प्रतिकिलो करिब रु २५ का दरले भाउ बढेको व्यवसायीहरु बताउँछन् । गत वर्ष जिउँदो खसी प्रतिकिलो रु सात सयदेखि रु सात सय २५ सम्ममा बिक्री भएकामा यो वर्ष रु सात सय ५० मा बिक्री भएको पाइएको छ। किसानले मूल्यवृद्धिको लाभ पाएका छन् । किसानका गोठबाट व्यापारीले प्रतिकिलो रु ६१० ले बेचेका छन् ।

काठमाडौँको टुकुचाका साथै कलंकी, दहचोक, कालिमाटी, लोकन्थली, सल्लाघारी, चाबहिललगायत क्षेत्रका तोकिएका स्थानमा दसैँका लागि खसीबोका किनबेच गरिन्छ । आज



नवरात्रीको सातौँ दिन फूलपातीका अवसरमा यी क्षेत्रमा धमाधम खसी किन्ने र मोलतोल गर्नेको भिड देखिन्छ ।

"अहिले बसको डिकीमा खसी बोकालाई हाल्न दिइँदैन । ट्रकमा हालेर ल्याउँदा केही महँगो परेको छ । यसको लाभ किसानले पनि पाएका छन् । दसैमा काठमाडौँको बजारलाई चाहिले जति खसी बोकोको व्यवस्थापन हामीले मिलाउन कोसिस गरिरहेका छौँ ।", काठमाडौँका टुकुचास्थित पशुचौपाया खरिबिकी सङ्घका अध्यक्ष सन्तोषबहादुर खत्रीले भन्नुभयो, "लगातारको वर्षा र ठाउँ ठाउँमा पहिरो र अवरोधका कारण हामीलाई असुविधा भने परिरहेको छ ।"काठमाडौँमा दसैँका अवसरमा वर्षेनी सिन्धुली, रामेछाप, ओखलढुङ्गा, खोटाङ, उदयपुर, इलाम, रोल्पा, रुकुमबाट खसी बोका ल्याइने गरेका छन् । भेडा च्याङ्ग्रा भने गोरखा, मनाङ, मुस्ताङलगायत जिल्लाबाट ल्याइन्छ । दसैँलाई लक्षित गरी टुकुचा खसी बजारमा हालसम्म करिब नौ हजारको सङ्ख्यामा खसीबोका ल्याइसकिएको छ।

टुकुचा बजारमा खरिदबिक्रीका लागि अहिले एक हजार बढी खसीबोका राखिएका छन् । यसवर्ष जीउँदो च्याङ्ग्रा भने प्रतिकिलो एक हजार २५० मा बिक्री भइरहेको छ । बाटो अवरुद्ध भएकाकारण व्यापारी र किसानले विगतको जस्तो सजिलोसँग खसीबोका ल्याउन सकेका छैनन् ।

मासुका लागि खोटाङ, सिन्धुली, उदयपुरको खसी राम्रो मानिन्छ । अहिले बजारमा ९० किलोसम्मको खसी आएको 'रेकर्ड' छ। मासुका लागि तराईको तुलनामा पहाडको खसी राम्रो मानिन्छ । अझ लेकमा चरेको खसी बढी गुणस्तर हुनेगर्छ। विगतको जस्तो धेरै मोटो खसीबोका खोज्ने उपभोक्ताको सङ्ख्या कम छ ।

अहिले दाना नखुवाएका चरनका खसी बोका उपभोक्ताको रोजाइमा पर्दै आएका छन् । टुकुचा बजारमा खसीको स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको, स्वथ्य खसीलाई हरियो, बिरामी खसीलाई रातो रङ दिइएको छ ।रासस

# यस वर्ष सस्तियो भेडाच्याङग्राको मूल्य

म्याग्दी । दसैँ पर्वका लागि मुस्ताङबाट बिक्री गर्न बजारमा ल्याइएका भेडाच्याङग्राको मूल्य यस वर्ष सस्तिएको छ । व्यापारी र उपभोक्ताका अनुसार गत वर्षको तुलनामा प्रतिगोटा भेडाच्याङग्राको मूल्य रु. पाँच हजार र प्रतिकिलोग्राम जिउँदाको मूल्य रुपैँया ५० देखि रुपैँया १०० सम्म घटेको हो । बेनीका भरत रकालले गत वर्ष रु. ४० हजार तिरेर भेडाच्याङग्रा किनेकोमा यसपाली रु. ३५ हजारमै पाइएको बताउनुभयो ।

"तीन वर्षअघि रोज्जा च्याङग्राको मूल्य प्रतिगोटा रु. ५२ हजार र च्यालु (हिमाली भेडा)को मूल्य रु. ४०/४२ हजार थियो," उहाँले भन्नुभयो "मूल्य सस्तीएपछि लेकाली भेडाच्याङग्राको मासुका परिकार खाएर दशै मनाउने मध्यम वर्गका उपभोत्ताको रहर पुरा गर्न सहज भएको छ ।"



नेपाल चौपाया खरिद बिक्री संघका संस्थापक अध्यक्ष ज्ञानकुमार श्रेष्ठले डोल्पा, मुगु, जुम्ला र तिब्बतीबाट पनि च्याङग्रा आउनु, मुस्ताङमा च्याङग्रापालन बढ्नु, 'जेनजी पुस्ता'को आन्दोलनपछि देशको असहज परिस्थितिका कारण उपभोग घट्ने डरले मूल्य घटेको बताउनुभयो ।

श्रेष्ठको समूहले पछिल्लो १० दिनमा मुस्ताङबाट दुई हजार पाँच सय च्याङग्रा काठमाडौ पुऱ्याएका छन् । गत वर्ष काठमाडौमा जिउँदो च्याङग्रा प्रतिकिलो रु. एक हजार तीन सयका दरले बिक्री गरेकोमा यसपाली रु. एक हजार दुई सय ५० का दरले बिक्री गरेको श्रेष्ठले बताउनुभयो ।

दसैका लागि म्याग्दी, बागलुङ, पर्वत, पोखरा, काठमाडौ, चितवन र बुटवलका बजारमा झारिएका भेडाच्याङग्राको मुख्य स्रोत मुस्ताङ, जुम्ला, मुगु र डोल्पा हो । तातोपानी र रसुवाको नाका बन्द भएकाले ठूला सहरमा यसपाली मुस्ताङबाट मात्र भेडाच्याङग्रा मात्र झरेका छन् ।

पोषिलो, स्वास्थ्यप्रर्द्धक, शक्तिवर्द्धक, स्वादीलो हुने भएकाले चाडपर्वमा जडिवुटीयुक्त बुकीमा चरेका हिमाली च्याङग्राको मासु उपभोग गर्ने चलन रहेको बेनीका नेत्रराज सुवेदीले बताउनुभयो ।

यसबर्ष रु. ३५ करोडभन्दा बढी मूल्य बराबरको १४ हजार छ सय ६८ भेडा च्याङग्रा बिक्री भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङले जनाएको छ । सात हजार छ सय ६८ मुस्ताङका किसानले पालेका, छ हजार आठ सय ६८ डोल्पा, मुगु र जुम्लाबाट आएका भेडाच्याङग्राको स्वास्थ्य परिक्षण गरेर बजार पठाउन अनुमति दिएको केन्द्रका प्रमुख लालमणी अर्यालले बताउनुभयो ।

किसानले अधिकतम च्याङग्रालाई रु. ३५ हजार र भेडा (च्यालु)लाई रु. २८ हजारमा बेचेका छन् । पाँच वर्ष उमेर पुगेका च्याङग्रा मासुका लागि उपभोगी मानिन्छ । शरिरमा लामो रौ भएका च्याङग्रा रैथाने हुन् । तिब्बतबाट ल्याएको च्याङग्राको शरिरमा रौ छोटो हुन्छ । लोमान्थाङ गाउँपालिका- ३ नामग्यालका किसान तेन्जीङ गुरुङले च्याङग्रापालनबाट जिविकोपार्जन गरेको बताउनुभयो । उहाँले यसपाली ५० वटा च्याङग्रा बिक्री गरेको बताउनुभयो । मुस्ताङी भेडाच्याङग्राको ठूलो बजार पोखरा हो ।

म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ, लमजुङका बजारमा पनि भेडाच्याङग्राको खपत बढी हुने गरेको छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङग्रा पालिएका छन् । उपल्लो मुस्ताङका कृषकको मुख्य आयस्रोत च्याङग्रापालन हो ।

हिउँचितुवा र ब्याँसोको आक्रमणबाट बचाउनु च्याङग्रापालक किसानको प्रमुख चुनौति हो । यसैगरी पर्याप्त हिउँ नपर्दा लेकाली क्षेत्रमा घाँस कम उम्रीएकाले भेडाच्याङग्राको लागि आहराको अभाव हुन थालेको छ ।

हिउँदमा आवश्यकता भन्दा बढी हिउँ पर्दा भेडाबाख्रा आहराको अभावमा मर्ने समस्या पनि छ ।रासस

# दसैँको कोसेलीका रुपमा मुस्ताङको स्याउ



गलकोट । बागलुङ बजारमा अहिले मुस्ताङको स्याउको माग उच्च छ । दसैँमा धेरैले मुस्ताङको स्याउ मात्रै खोज्ने गरेको पाइन्छ ।

असोज लागेसँगै बागलुङ बजारमा मुस्ताङको स्याउ निकासी हुन थाल्छ । अहिले बागलुङ बजारका चोकचोक र फलफूल पसलमा मुस्ताङको स्याउ देख्न पाइन्छ । मुस्ताङको स्याउ नभएको बागलुङको कुनै फलफूल पसल नै हुँदैन । किनभने उपभोक्ताको रोजाइमा मुस्ताङकै स्याउमात्रै पर्ने गर्दछ । दसैँलाई कोसेलीका रुपमा मुस्ताङको स्याउ बढी खपत हुने गरेको छ ।

स्याउ व्यापारी गुरुप्रसाद रेग्मीले मुस्ताङको स्याउ मागअनुसार नपाएको जनाउँदै स्याउ आउँदा साथ रित्तिने गरेको बताउनुभयो । "मुस्ताङमा स्याउ धमाधम बिक्री भइरहेको छ, बागलुङ मुस्ताङको स्याउ खपत हुने जिल्लामा पर्दछ, अहिले मागअनुसारको स्याउ आएको छैन", उहाँले भन्नुभयो, "असोजभर स्याउ बिक्रीबाटै राम्रो आम्दानी गर्ने सिजन हो ।" असोज अघिसम्म भारत र चीनबाट आएको स्याउले बजार लिइरहे पनि असोज लागेपछि यहाँ मुस्ताङको मात्रै स्याउको कारोबार हुने गर्दछ ।

दसैँ नजिकिँदै गरेकाले स्याउको उच्च कारोबार हुने गर्दछ । छिमेकै जिल्लाको सस्तो स्याउ खान पाएपछि अन्य स्याउको चाख नहुने उपभोक्ता रामानन्द शर्मा बताउनुहुन्छ । "रु ३०० देखि ४०० हालेर भारत र चीनको स्याउ खाइन्छ, मुस्ताङको ताजा स्याउ रु दुई प्रतिकिलो पाइन्छ, स्वादिष्ट पनि हुन्छ", शर्माले भन्नुभयो "असोजदेखि कात्तिकसम्म बागलुङ बजारका फलफूल पसल मुस्ताङको स्याउमय हुन्छ ।"

दसैँ तिहारको नआउँदै फलफूल अर्डर गर्नेहरुसमेत बाक्लै रहेको व्यवसायीहरु बताउँछन् । दसैँलाई मुस्ताङको स्याउ अहिले नै अर्डर आउन थालेको फलफूल व्यापारीले बताउँदै आएका छन् । चाडवाडका अवसरमा बागलुङेहरुले कोसेलीका रुपमा मुस्ताङको स्याउ आफन्तको घरमा पठाउने चलनसमेत रहेकाले स्याउको कारोबार उच्च रहेको छ । मुस्ताङमा उत्पादन भएको स्याउ धौलागिरिका बागलुङसहित म्याग्दी, पर्वतलगायतका जिल्लामा कोसेलीका रुपमा निकै प्रयोगमा आउने गरेको छ ।

बागलुङमा मुस्ताङको स्याउको कारोबार एक हप्तायता ह्वात्तै बढेको छ । बागलुङ बजारमा रहेका कर्मचारी, सहकारी जागिरे, सेना, तथा प्रहरीलेसमेत दसैँमा घर जाने समयमा मुस्ताङको स्याउ, आलु र बागलुङमा उत्पादन भएको भाँगो लैजाने गरेको पाइन्छ । मुस्ताङको स्याउ, ढोरपाटनको आलु र ताराखोलाको भाँगो कोसेलीका रुपमा ब्राण्ड भइसकेको छ ।रासस

# कोसी सडक एक महिनादेखि अवरुद्ध



खाँदबारी । उत्तर-दक्षिण कोसी सडकअन्तर्गत संखुवासभाको खाँदबारी-किमाथाङ्का सडकखण्ड भदौ १५ गतेको भीषण पहिरोका कारण एक महिनादेखि पूर्ण रूपमा अवरुद्ध भएको छ । मकालु गाउँपालिका-३ अल्फटे क्षेत्रमा आएको पहिरोले करिब २०० मिटर सडक बगाएपछि आवागमन ठप्प भएको हो ।

सडक अवरुद्ध हुँदा यातायातसँगै आसपासका गाउँबस्तीका स्थानीयको जनजीवन प्रभावित भएको छ । पहिरोका कारण सडक मात्र नभई निजी जग्गा, खेतबारी, बालीनाली र बोटबिरुवामा क्षति पुगेको स्थानीयले बताएका छन् ।

सडक योजना कार्यालयका प्रमुख रामबहादुर गुरुङका अनुसार भू-स्खलन प्रभावित क्षेत्रमा माटो दलदले भएको र भारी मेसिन परिचालन गर्न कठिन भएकाले तत्काल सडक सञ्चालन सम्भव छैन। नदीको बहाव अझै नघटेको र मौसम अनुकूल बनेलगत्तै मर्मत कार्य सुरु गर्ने तयारी भएको गुरुङले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय, भोटखोला र मकालु गाउँपालिकाका जनप्रतिनिधि तथा सरोकारवालाबीच निरन्तर समन्वय भइरहेको छ । तर, सडक खुल्न ढिलाइ हुँदा खाद्यान्न र दैनिक उपभोग्य वस्तुको आपूर्तिसमेत रोकिएपछि स्थानीय थप समस्यामा परेका छन् । भोटखोलाका अध्यक्ष वाङ्छेदर भोटेका अनुसार यात्रुहरूले वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने बाध्यता छ । सडक बन्द भएपछि जनजीवन निकै कष्टकर भएको अध्यक्ष भोटेले बताउनुभयो ।

सडक योजना कार्यालयले विज्ञप्ति जारी गर्दै अवरोधका कारण भएको असुविधाप्रति सार्वजनिक रूपमा क्षमा मागेको छ । गुरुङले भनुभयो, "अनुकूल मौसम बनेलगत्तै सडक यथाशीघ्र सञ्चालनमा ल्याइनेछ ।" उत्तर-दक्षिण कोसी सडक पूर्वी नेपाललाई चीनसँग जोड्ने महत्वपूर्ण रणनीतिक मार्ग भएकाले सडक अवरोधका कारण स्थानीय मात्र नभई राष्ट्रियस्तरमै चुनौती थपिएको सरोकारवालाले बताएका छन् ।रासस

# संस्कृतिसँगै परम्परागत हस्तकलाको सीप सिकाउँदै 'टेम्केमैयुङ'

भोजपुर । भोजपुरको टेम्केमैयुङ गाउँपालिका परम्परागत संस्कृतिसँगै हस्तकलाको संरक्षणमा जुटेको छ । गाउँपालिकाले पुराना सीप, कला र परम्परागत जीवनशैलीलाई जगेर्ना गरेर नयाँ पुस्तामा पुऱ्याउने उद्देश्यले विभिन्न हस्तकलासम्बन्धी तालिम सञ्चालन गरेको हो ।

गाउँपालिकाले १५ दिने ढाका र खाडी कपडा बुनाइ तालिमका साथै सात-सात दिने लुकुनी, हलो जुवा, विनायो बाँसुरी, डोको-डालो, मान्द्रो, चित्रा, भकारी, घुम, पेरुङ्गो, गुन्द्री, पिरा, सुकुललगायत दैनिक जीवन र सांस्कृतिक महत्त्वका सामग्री बनाउने तालिम सञ्चालन गरेको छ। यस्तै किराँत संस्कृतिमा प्रयोग हुने धनुकाड र जाली रुमाल बन्ने तालिम पनि प्रदान गरिएको छ ।

गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतका अनुसार परम्परागत हस्तकलाको संरक्षणसहित त्यसलाई बजारसम्म पुऱ्याउने र नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्ने उद्देश्यले यो अभियान सुरु गरिएको हो । "हामीले जगेर्नासँगै आधुनिक प्रविधिसँग जोडेर यी सीपलाई जीवन्त बनाउन चाहेका हौँ", उहाँले भन्नुभयो, "यसबाट युवाले आत्मनिर्भरता हासिल गर्न सक्छन् र संस्कृतिको पहिचान पनि जोगिन्छ । कला, संस्कृतिलाई संरक्षण गरेर नयाँ पुस्तासम्म पुऱ्याउनमा हामीले जोड दिएका छौँ ।"



गाउँपालिकाले सुरु गरेको यो कार्यक्रम केवल तालिममा मात्र सीमित नभएर दीर्घकालीन रूपमा स्थानीय सीप, संस्कृति र आत्मनिर्भर बनाउँदै अर्थतन्त्रसँग जोड्ने उद्देश्य रहेको अध्यक्ष बस्नेतको भनाइ छ । नयाँ पुस्तामा हस्तकला, परम्पराप्रति चासो र आकर्षण बढाउने, कला, संस्कृतिको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा पनि यसले टेवा पुऱ्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

गाउँपालिकाले जनताको जीवनस्तर सुधार्दै सीप, कला संरक्षण र प्रवर्द्धनका लागि प्रयास थालिएको गाउँपालिकाका उपाध्यक्ष रमादेवी राईले बताउनुभयो । गाउँघरमा कतिपय परम्परागत रूपमा गरिने सीप हराउँदै गएकोले प्रशिक्षण कार्यक्रममार्फत पुनर्जीवित गर्ने प्रयास गरिएको उहाँले उल्लेख गर्नुभयो ।

पितापूर्खाले बनाउँदै आएका हस्तकलाको सामग्री संरक्षणमा यस्ता कार्यक्रमले टेवा पुग्ने उपाध्यक्ष राईले जानकारी दिनुभयो । "आजका बालबालिका र युवाले परम्परागत हस्तकलाबारे कमै मात्र जानकारी पाएका छन्", उहाँले भन्नुभयो, "उनीहरूलाई व्यवाहारिक सीप सिकाएर संस्कृतिको जगमा उभ्याउन खोजेका छौँ । यसले परम्परागत सीप र संस्कृतिको सरक्षणमा टेवा पुग्ने अपेक्षा लिएका छौँ ।"

अभियानलाई अझ मजबुत बनाउन गाउँपालिकाले चोमोलुङमा युनेस्को सेन्टर, काठमाडौँसँगको समन्वयमा सीप प्रदान गरेको छ । यहाँका ६५ जना महिला र पुरुष सहभागीलाई विभिन्न खालका परम्परागत हस्तकलाको सीप प्रदान गरिएको हो । सहभागीले सिकेका सीपलाई गाउँमै प्रयोग गरेर उत्पादन बढाउने र बजारमा लैजाने बताइएको छ ।

परम्परागत हस्तकलाले यहाँका बासिन्दाको जीवनशैली र पहिचान र संस्कृतिसँग पनि गहिरोसम्बन्ध राख्ने देखिएको छ ।रासस

# चर्खेपिङ संरक्षण गर्दै गाउँले

गलकोट । चर्खेपिङ लोप हुँदै गएपछि यहाँको बागलुङ नगरपालिका-९ सिगानाका स्थानीयले संरक्षण सुरु गरेका छन् । स्थानीय राज जिसीले गतवर्षदेखि आफ्नै लगानीमा चर्खेपिङ निर्माण गर्नुभएको छ ।

बढ्दो बसाइसराइँका कारण गाउँमा जनशक्ति अभाव हुँदा राख्न छाडिएको पिङ यहाँ १३ वर्षपछि हाल्न थालिएको हो ।



पहिले पहिले यहाँ एउटै गाउँमा तीनदेखि चार वटा चर्खेपिङ हाल्ने गरिन्थ्यो । जिसिले एउटा चर्खेपिङ निर्माण गर्न व्यक्तिगत ४० हजार रुपैयाँ लगानी गर्नुभएको बताउनुभयो ।"पोहोरकै सामाग्रीहरु जडान गरेर यसपाली पनि पिङ हालिएको छ", उहाँले भन्नुभयो "पछिल्लो समय देखिनै छाडेको चर्खेपिङ संरक्षण गर्नु सबैको दायित्व हो ।"

विगत चार वर्षदेखि बागलुङ नगरपालिका-५ साँझखोलाको सुनाखरी सामुदायिक वन र स्थानीय युवाहरुको स्थानीयहरुले पनि चर्खेपिङ हाल्न थालेको स्थानीय जुना न्यूरेले बताउनुभयो । एघार वर्ष अघि मालिकाको पञ्चासेमा चर्खेपिङ हालिएको र तीन वर्ष यता साँझखोलामा संरक्षणका लागि चर्खेपिङ हालिएको न्यूरेले बताउनुभयो ।

दसैँमा भूँइ छाड्नुपर्छ भन्ने परम्परागत मान्यता छ । दसैँतिहारमा चर्खेपिङ, रोटेपिङ र लिङ्गे पिङ हाल्ने चलन छ । "यहाँ लिङ्गे पिङ नै थियो, गत वर्ष सामुदायिक वनको सक्रियतामा परम्परा संरक्षण गर्न चर्खेपिङ हाल्ने निर्णय गरेर लिङ्गेपिङको सट्टा चर्खेपिङ हालियो", न्यूरेले भन्नुभयो, "१० वर्ष पहिला मालिकाको पन्चासेमा दुई वर्ष मात्रै चर्खे पिङ हालिएको थियो, त्यस यता चर्खे पिङ थिएन, गत वर्षबाट साझोखोलामा चर्खेपिङ हाल्न थालिएको हो ।"

न्यूरेका अनुसार चर्खेपिङ महङ्गो हुने भएकाले सुनाखरी सामुदायिक वन उपभोक्ता समिति मार्फत काठ लिएर २० हजार रुपैयाँ खर्चेर पिङ तयार गरिएको हो । बागलुङ नगरपालिका-८ सिगानाको सायकोट गाउँमा दशैं तिहारमा चर्खे पिङ नहालेको १० वर्ष पुग्यो ।

दुई दशकअघि गाउँ-गाउँमा अनिवार्यजसो चर्खेपिङ बनाइने गरे पनि अहिले चर्खे पिङ देखिनै छाडेको बागलुङ बजारका स्थानीय काजी गाउँले श्रेष्ठले बताउनुभयो । "कतिपयले संस्कृतिको संरक्षणका लागि गाउँमा चर्खेपिङ बनाउनुभएको छ, तर अहिले गाउँनै पिच्छे चर्खेपिङ देख्न पाइँदैन", उहाँले भन्नुभयो, "अब स्थानीय तहले चर्खेपिङ संरक्षण नगरे अबको पाँच वर्षपछि चर्खेपिङ हैन लिङ्गे पिङ समेत हराउँछ ।"रासस

# विजया दशमीकै अवसरमा निकालिँदै करार कर्मचारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका अधिकांश स्थानीय तहले विजया दशमीको मुखमै आएर अस्थायी र करार सेवा सम्झौता रद्द गर्न थालेको छ।

शुक्रबारदेखि नै लागू हुने गरी नगरपालिकाले जनकपुरधाम उपमहानगरपालिका, सिरहा नगरपालिकालगायत विभिन्न पालिकाले एक सूचना निकालेर अस्थायी र करारका कर्मचारीहरु हटाउन थालेको छ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले अस्थायी र करारका कर्मचारी हटाएको जनाए पनि सो पालिकाको सामाजिक सञ्जालले भने आधिकारीक सूचना नरहेको दाबी गर्दै खण्डन गरेको छ।




जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकालले अस्थायी र करार सेवा सम्झौता रद्द गरिएको सम्बन्धी सूचना निकाल्दै नेपाल सरकरा, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनि निर्णय भए बमोजिम यस कार्यालय अन्तर्गत स्वीकृत दरबन्दी बाहेकमा अस्थायी नियुक्ति भएका र करार सेवामा कार्यरत स्वास्थ्यकर्मी, शिक्षक तथा अन्य कर्मचारीहरुको मिति २०८२ असोज ११ गते देखि लागु हुने गरी नियुक्ति र करार सम्झौता रद्द गरिएको जनाइएको छ।

तर जनकपुरधाम उपमहानगरपालिकाले भने आफ्नो सामाजिक सञ्जालको माध्यमबाट सो प्रमुख प्रशासकीय अधिकृत ढकालले जारी गरेको विज्ञप्तिलाई आधिकारीक नभएको दाबी गरेको छ।

उक्त सूचनापत्रमा लेटर प्याड, निसान छाप एवम प्रमुख प्रशासकीय अधिकृतको नाम, पद र दस्तखत राखी अस्थायी र करार सेवा सम्झौता रद्द गरिएको सम्बन्धी सूचना फेसबुक ग्रुपमा समप्रेशन गरि सूचना सार्वजनिक गरिएको बारे बुझ्दा यस्तो किसिमको सूचना जनकपुरधाम उपमहानगरपालिकाको वेभसाइट तथा फेसबुक पेजमा अधिकारीक रुपले समप्रेशन नगरिएको हुंदा उक्त सूचना निस्प्रभावी हुने व्यहोरा सबैको जानकारीको लागि अनुरोध गरिएको छ।

त्यस्तै सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम घिमिरेका अनुसार संघीय सरकारको निर्णय र परिपत्रका आधारमा अस्थायी र करार सेवा सम्झौता सोमबारदेखि लागु हुने गरी रद्द गरिएको छ।

सूचनामा उल्लेख भएअनुसार यही असोज ५ गते बसेको संघीय मन्त्रिपरिषद्को बैठकले संघीय सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दीवाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने निर्णय गरेको थियो।

सोही निर्णय बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको असोज ८ गते र अर्थ मन्त्रालयले असोज ७ गते परिपत्र गरेर अस्थायी र करार सेवा सम्झौता रद्द गर्न भनेको छ।

संघीय मन्त्रिपरिषद्को निर्णय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयको परिपत्रको आधारमा सिरहा नगरपालिकाले पनि स्वीकृत दरबन्दी बाहेकका अस्थायी नियुक्ति भएका र करार सेवामा कार्यरत कर्मचारी, ज्यालादारीमा कार्यरत कर्मचारी तथा अन्य कर्मचारीहरुको नियुक्ति र करार सम्झौता रद्द गरेको छ।

हिन्दु धर्मालम्बीहरूको मुख्य चाड बडादशैं अन्तर्गत फूलपातिका दिनदेखि लागू हुने गरी जागिरबाट निकाल्ने कार्य उचित नरहेको भनेर स्थानीयहरूले सामाजिक सञ्जालमार्फत असन्तुष्टि जनाएका छन्।

# ‘सरकारमा जेन- जीको प्रतिनिधित्व जरुरी ’

**अध्यक्ष साहले एमालेले ओलीलाई र कांग्रेसले देउवालाई निरन्तर अगाडि राखेर देशलाई संकटतर्फ धकेलिएको दाबी गर्दै अब यी बुढा नेताहरुलाई स्थायी रुपमा राजनीतिबाट बिदाई गर्नु समयको आवश्यकता भएको टिप्पणी गरे ।**

**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सुशीला कार्की नेतृत्वको सरकारले जेनजी तथा जेनजी आन्दोलनका शहिद परिवारको समेत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने सुझाव दिएका छन्।

रौतहटको फतुवा विजयपुर नगरपालिका-२ स्थित शीतलपुरमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा सोमबार बोल्दै अध्यक्ष साहले जेन- जी आन्दोलनकै बलमा बनेको सरकारमा सोही आन्दोलन र शहिद परिवारलाई स्थान नदिनु दुर्भाग्यपूर्ण रहेको टिप्पणी गरे।




“अहिलेको सरकार जेनजी आन्दोलनको बलमा गठन भएको छ। यो सरकारमा जेनजी वा जेनजी आन्दोलनका शहिद परिवारको पनि प्रतिनिधित्व हुनुपर्छ,” अध्यक्ष साहले भने।

उनले कांग्रेस र एमालेको दुई-तिहाइ बहुमतको सरकार मुलुकलाई संकटबाट जोगाउन असफल भएको आरोप लगाए। अहिले यी दुवै दलभित्र नेतृत्व पुस्तान्तरण र हस्तान्तरणको बहस चलिरहेको उल्लेख गर्दै साहले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र शेरबहादुर देउवाले नेतृत्व हस्तान्तरण गरेर अगाडि बढे मुलुक र सो पार्टीकै हित हुने बताए।

अध्यक्ष साहले एमालेले ओलीलाई र कांग्रेसले देउवालाई निरन्तर अगाडि राखेर देशलाई संकटतर्फ धकेलिएको दाबी गर्दै अब यी बुढा नेताहरुलाई स्थायी रुपमा राजनीतिबाट बिदाई गर्नु समयको आवश्यकता भएको टिप्पणी गरे।

उनले अहिलेको संविधानबाट समस्या समाधान नहुने ठोकुवा गर्दै अन्तरिम सरकार र अन्तरिम संविधानमार्फत मात्र मुलुकलाई निकास मिल्ने धारणा व्यक्त गरे।

उक्त कार्यक्रममा आजपा सचिवालय सदस्य तथा फतुवा विजयपुर नगरपालिकाका मेयर पदका उम्मेदवार विजय यादव ‘निर्विज’, सचिवालय सदस्य तथा वडा अध्यक्ष संजय यादव, आम दलित मोर्चाका केन्द्रीय अध्यक्ष ठागा दास, केन्द्रीय सदस्यहरू सेरबहादुर पटेल, रामाशंकर पासवान, ब्रह्मा नारायण यादव, श्रीभगवान पटेललगायतको सहभागिता रहेको थियो।

सोमबार फतुवा विजयपुर नगरपालिकाका वडा नं ६ पेटभर्वा र वडा नं १ गमहरियामा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको थियो।

यसअघि आइतबार देवाही गोनाही नगरपालिकाको कर्कच, उचिडीह तथा कटहरिया नगरपालिकाको डुमरियामा आम जनता पार्टीले हिन्दू नेपालीहरूको महान् चाडपर्व विजया दशमी, दीपावली र छठ पर्वका अवसरमा शुभकामना कार्यक्रम आयोजना गरेको पार्टीका सचिवालय सदस्य रामशरण यादवले जानकारी दिए।

# मधेशसहितका दर्जनौं औषधि पसल बन्द




**टुडे समाचारदाता**

जनकपुरधाम । गत आर्थिक वर्षमा १ सय ५६ औषधि पसल बन्द गरेको औषधि व्यवस्था विभाग वीरगञ्ज शाखाले जनाएको छ । दर्ता प्रक्रियामा नआएका र अन्य कैफियत देखिएका पसल बन्द गरिएको जनाइएको छ।

गत आर्थिक वर्षमै कार्यालयले एक सय २२ औषधि पसललाई निलम्बनसमेत गरेको जनाइएको छ। कार्यालय प्रमुख शम्भु साहले अनुगनम टोलीले मधेश र बागमती प्रदेशअन्तर्गतका जिल्लामा कारबाही गरेको जानकारी दिए।

अनुगमनका क्रममा फार्मेसी निलम्बन गरिएका १ सय २२ मध्ये २ थोक बिक्रेता, आठ विभिन्न अस्पतालले सञ्चालन गरेका र १ सय १२ समुदायले चलाएका औषधि पसल रहेका थिए । अनुगमनपछि ७ अस्पतालका र ५ सामुदायिक गरी १२ औषधि पसल दर्ता हुन आएको उनले बताए।

गत आर्थिक वर्षमा भएको अनुगमनको क्रममा ९२ वटा औषधि पसल दर्ता नभएको पाइएको थियो । १ सय ८३ मा व्यवसायी/फर्मासिस्ट अनुपस्थित रहेको तथा १ थोक, ७ अस्पतालका र १ सय २ गरी १ सय १० पसलबाट दर्ता नभएका औषधि बरामद भएका थिए।

त्यसैगरी, ७६ औषधि पसलबाट लागु तथा मनोद्दीपक औषधिको रेकर्ड नराखिएको, ३३ पसलमा उचित तापक्रममा भ्याक्सिन सञ्चय नगरिएको, १३ पसलमा म्याद नाघेका औषधि सञ्चय गरिएको र ७ पसलमा ‘ फिजिसियन सेम्पल’ औषधि बरामद भएको उनले बताए।

गत आर्थिक वर्षमा कार्यालयले ४ सय ५० फार्मेसी निरीक्षणको लक्ष्य राखेकामा लक्ष्यभन्दा ८ प्रतिशत बढी अर्थात ४ सय ८६ फार्मेसी अर्थात औषधि पसलको निरीक्षण गर्न सफलता मिलेको प्रमुख साहले बताए । तीमध्ये ४ सय ३१ एलोप्याथिक, २५ आयुर्वेदिक, २७ भेटेरिनरी, ३ होमियोप्याथिक औषधि पसलको निरीक्षण गरिएको देखिएको छ।

उक्त कार्यालयले गत आर्थिक वर्षमा अनियमित रुपमा औषधिको कारोबार गर्ने १५ व्यक्ति/संस्था उपर मुद्दा दर्ता गरेको छ। कानुनविपरीत सञ्चालित ३५ औषधि पसलका बारेमा उजुरी परेपछि तीमध्ये १७ उजुरी फछ्र्योट गरिएको उनले बताए।

मधेश प्रदेशका सप्तरी र सिरहाबाहेक ६ जिल्ला तथा बागमतीका चितवन, मकवानपुर र सिन्धुली गरी ९ जिल्ला यस कार्यालयको कार्यक्षेत्र रहेको छ।

# शिक्षक तथा कर्मचारी तलबबाट वञ्चित

**टुडे समाचारदाता**

मलंगवा । हिन्दूहरूको महान् पर्व विजया दशमीमा पनि रौतहटको चन्द्रपुर नगरपालिकाका शिक्षक र कर्मचारी तलब भत्ताबाट वञ्चित भएका छन्।

जेन- जी आन्दोलनले नगरपालिका कार्यालयमा क्षति भएपछि चन्द्रपुर नगरपालिकाले दसैंपछि मात्र तलब भत्ता खुवाउने भएको छ।

शिक्षकले तलब खुवाउन दबाब दिएपछि नगरपालिकाले दशैंका लागि कार्यालय बन्द हुनु एक दिनअगाडि आइतबार खाता सञ्चालन गरेर निकासा लिए पनि तलब खुवाउन नसकेको चन्द्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डाक्टर श्रवणकुमार साहले जानकारी दिए।




राष्ट्रिय वाणिज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटको खाताबाट नेपाल बैंक लिमिटेडमा रहेको चन्द्रपुर नगरपालिका कार्यालयमा निकासा रकम प्राप्त हुन नसकेकोले आइतबार शिक्षकको तलब भत्ता विद्यालयको खातामा जान नसकेको उनले बताए। साउन र भदौको संघीय सरकार राजस्व बाँडफाँट रकम प्राप्त भए पनि शिक्षकको तलब भत्ता नगएको कारण अन्य कर्मचारीको तलब पनि नपठाएको उनले बताए।

नगरपालिकाको खातामा रकम जम्मा हुनेबित्तिकै विद्यालयको खातामा पठाइने प्रमुख प्रशासकीय अधिकृत साहको भनाइ छ। सोमबारदेखि दशैंको बिदा रहेकोले बिचमा एक दिन केही बेरका लागि बैंक खुला गर्न पहल गरिरहेको पनि उनले बताए।

नवनियुक्त शिक्षा तथा विज्ञान प्रविधिमन्त्री महावीर पुनले दशैंमा शिक्षकलाई तलब नखुवाउनेलाई कारबाही गर्ने बताएपछि शिक्षकलाई तलब भत्ता खुवाउन आइतबार दिनभरि कुरेर बसेको जनशक्ति माध्यमिक विद्यालय गैंडाटारका प्रधानाध्यपाक रेणुका जिसीले बताए।

विद्यालयको खातामा रकम जम्मा हुनेबित्तिकै शिक्षकको खातामा रकम ट्रान्सफरका लागि बैंक जाने भनेर तयारी अवस्थामा रहे पनि नगरपालिकाले निकासा नपठाएर शिक्षकसँगै शिक्षकको पूरै परिवारको दशैं खल्लो बनाएको उनको गुनासो गरेका छन्।

चन्द्रपुर नगरपालिकामा छ सय शिक्षक तथा १५० जना कर्मचारी रहेको छ। रौतहटमा रहेको १८ वटा पालिकामध्ये फतुवा विजयपुर नगरपालिका, बौधिमाई नगरपालिका, गुजरा नगरपालिका र देवाहीगोनाही नगरपालिकाले पनि शिक्षक तथा कर्मचारीको तलब भत्ता खुवाउन सकेनन् ।

देवाहीगोनाही नगरपालिकाले चालु आर्थिक वर्षका लागि सभा गर्न सकेको छैन भने फतुवा विजयपुर नगरपालिका, बौधिमाई नगरपालिका र गुजरा नगरपालिकाले सभामा बजेट प्रस्तुत गरे पनि बन्द सत्र गर्न सकेको छैन।

रौतहटका १३ वटा पालिकाले दशैंअघि आफ्ना शिक्षक कर्मचारीलाई तलब भत्ता खुवाएका छन्। रौतहटको गौर नगरपालिका इशनाथ नगरपालिका, राजदेवी नगरपालिका, देवाहीगोनाहीनगरपालिका, गरुडानगरपालिका, कटहरिया नगरपालिका, गुजरा नगरपालिका र यमुनामाई गाउँपालिकाका लाभग्राहीलाई कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले चालु आर्थिक वर्षको प्रथम त्रैमासिकवापतको सामाजिक सुरक्षा भत्ता रकम पठाइसकेको जनाइएको छ।

# कारागारबाट भागेका कैदी फर्काउन चुनौती

**टुडे समाचारदाता**

रौतहट। जेन-जी आन्दोलनको क्रममा गौर कारागारबाट भागेका कैदीमध्ये ठूला अपराधमा संलग्नहरु अझैसम्म पनि फरार नै रहेका छन्।

उनीहरु सहजै सम्पर्कमा आउनेमा प्रशासन चिन्तित भएका छन् । उनीहरुलाई कारागार फर्कन, कानुनी कारबाहीबाट बच्न प्रहरी र कारागार प्रशासनले निरन्तर आग्रह गरिरहेको छ।




जेन-जी आन्दोलनको क्रममा भएको तोडफोड, आगजनी र लुटपाटमा परिणत भएपछि गौर कारागारबाट २९१ मध्ये २७ जना मात्र भित्रै बसेका थिए। बाँकी सबै कारागारको ताला फोडेर बाहिर निस्केका थिए। जसमध्ये १७ जना कैदीलाई भारतीय क्षेत्रबाट भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरी गौर कारागार पठाएको थियो । सबैभन्दा बढी तनाव गम्भीर अपराध (हत्या, हातहतियार खरखजना, डकैती, लागुऔषध, खोटा मुद्दा, अपहरण तथा शरीर बन्धक र जबर्जस्ती करणी मुद्दा) मा सजाय पाएकाहरु फरार भएको र उनीहरु आउने सम्भावना न्यून रहेको प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले जानकारी दिए।

उनले भने, ‘समान्य कसुरमा जेल परेका र सजाय सकिन लागेकाहरु धेरैजसो कारागार फर्किए, ठूला अपराध गरेकाहरु फर्केलान् जस्तो लागेन । उनीहरुलाई व्यापक खोजतलास गरेर ल्याउनुपर्ने अवस्था छ।’

प्रशासनलाई सबैभन्दा बढी तनाव भारतीय कैदीबन्दीको छ। भदौं २४ गतेको आन्दोलनको आडमा गौर कारागारबाट १७ जना भारतीय कैदी फरार भएका थिए। तीमध्ये ५ जनालाई भारतीय सीमासुरक्षा बलले पक्राउ गरी नेपाल प्रहरीलाई बुझाएको थियो । अहिले पनि १२ जना फरार रहेको कारागार प्रमुख मनिष झाले जानकारी दिए। उनीहरु सबै भारत प्रवेश गरिसकेको प्रहरीको आशंका छ।

सुरक्षाकर्मीको टोलीले ९१ जना कैदीलाई जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरेको थियो । अहिले कारागारमा महिला र पुरुष गरी १३५ जना कैदीबन्दी छन् । १५६ जना अझै फरार रहेको कारागार प्रमुख झाले बताए। भागेका कैदीबन्दीलाई असोज २० गतेभित्र कारागार फर्कन सूचित गरिएको छ। तोकेको समयमा नआए कानुनी कारबाही हुने प्रशासनले चेतावनी दिएको छ।

फरार कैदीबन्दीहरुलाई आश्रय दिने, लुकाउने वा सहयोग गर्ने व्यक्तिविरुद्ध पनि कानुनअनुसार कारबाही हुने जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले बताए।

जेन-जी आन्दोलनका क्रममा मधेश प्रदेशका ३ जिल्लाबाट ५० जना भारतीय कैदी कारागार भागेका थिए। महोत्तरीको जलेश्वर कारागारबाट भागेका ३९ भारतीय कैदीमध्ये ४ जनालाई प्रहरी नियन्त्रणमा लिएको छ। ३५ जना अझै फरार रहेको महोत्तरी कारागार प्रशासनले जनाएको छ । उनीहरु विभिन्न अपराधमा जेल सजाय पाएकाहरु छन् । महोत्तरी कारागारमा ५७६ कैदीबन्दीहरु थिए। आन्दोलनको आडमा ५७५ जना फरार भएका थिए।

सप्तरी कारागारबाट भागेकामध्ये ५ जना भारतीय छन् । तीमध्ये २ जनालाई नियन्त्रणमा लिइसकेको छ भने ३ जना अझै फरार छन्। त्यस्तै सप्तरी कारागारमा ३९८ कैदीमध्ये २०५ जना भागेका छन्।

# ब्राउन सुगरसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । चाडपर्वलाई लक्षित गरी लागू गरिएको विशेष सुरक्षा योजना अनुसार प्रहरीले वीरगञ्ज महानगरपालिका-१६ स्थित शंकराचार्य गेटबाट दुई जना युवालाई लागूऔषधसहित पक्राउ गरिएको छ।

जिल्ला प्रहरी कार्यालय पर्सा र प्रहरी चौकी इनर्वाबाट खटिएको ‘डग स्निफिङ’को टोलीले आइतबार बेलुका ४ बजेदेखि ६ बजेको बीचमा भारतको रक्सौलबाट नेपाल आउँदै गरेका उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

चेकजाँचका क्रममा चितवन रत्ननगरका २७ वर्षीय कैलाश कार्कीको साथबाट २.५३० ग्राम खैरो हेरोइन (ब्राउन सुगर) जस्तो देखिने



लागूऔषध फेला परेको छ। त्यस्तै, पर्साको वीरगञ्ज - १० अशोक वाटिकाका २० वर्षीय राहुल सरार्फले लगाएको पाइन्टको गोजीबाट १०० मिलिलिटरको ओनेरेक्स् लेखिएको लागूऔषधयुक्त कफ सिरप एक बोतल बरामद भएको बताइएको छ।

पक्राउ परेका दुवै व्यक्तिलाई बरामद लागूऔषधसहित थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा राखिएको जनाइएको छ । पर्सा प्रहरीले चाडपर्वका बेला हुन सक्ने लागूऔषध कारोबार नियन्त्रणका लागि सीमा क्षेत्रमा सुँघ्ने कुकुरसहितको सुरक्षा जाँच कडा पारेको छ भने नेपाल-भारत प्रवेश गर्ने सीमानाका तर्फ कडाइ गरिएको छ।

हात धोऔं, रोगको संक्रमणबाट बचौं ।

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

॥ श्री गणेशाय नमः ॥
आओ करें यात्रा मंगलमय चारो धाम की
शिव गंगा टुर्स एण्ड ट्राभल्स द्वारा संचालित
यहि मिति २०८२/०६/१६ गते का दिन 2x2 लक्जरी नाईट कोच बस जानकी मन्दिर के प्रांगन से खुल्ने जा रही है।
मुक्तिनाथ यात्रा
हमरा विशेष यात्रा सेवा :- देवघाट त्रिवेणी स्नान, मनोकामनामाई दर्शन, पोखरा, फेवाताल महादेव, गुप्तेश्वर महादेव, विन्दवासनी, देविडफोल्ड, महेन्द्र गुफ्फा, चमेरो गुफ्फा, गलेश्वरनाथ, कालीगढकी स्नान, तातोपानी, कागवेनी तरपन्न, मुक्तिनाथ, कालकामाईबागलुंग वापसी जनकपुरधाम
हरेक यात्री अपना नागरिकताका फोटो कोपी साथ मे रखे
यह यात्रा ५ दिनका होगा दो सामका भोजन,टिकट के साथ मे और धर्मशाला खर्च यात्रीको स्वयं देना होगा। टिकट दर ६,०००/- नेपाली
प्रोपराईटर
पोषण प्रसाद साह
जानकी चौक, शब्जी बजार पल्टी माई मन्दिर के पास
जनकपुरधाम मो. ९८४४१३३१९५, ९८४४०७३६००
सम्पर्क
जय हनुमान फर्निचर
हनुमान मन्दिर देवी चौक, जनकपुरधाम-११
९८१९८९८११७ मो. नं. इंडियन 8271096993, 9771974512

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८